# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षाले नै मानव जीवनलाई अध्यारोबाट उज्यालोतर्फ लाग्न निर्देशित एवम् पथप्रर्द्धशन गर्दछ । शिक्षाले मानवीय व्यवहारमा परिवर्तन ल्याउँछ, त्यसैले उचित शिक्षा विना मानवीय जीवन असफल वा अपूर्ण जस्तै हुन्छ । शिक्षाले समाजमा विद्यमान अज्ञानता, अन्धविश्वास एवम् कुरीतिहरूलाई हटाएर मानिसलाई चेतना प्रदान गर्ने गर्दछ । मानिस सभ्य एवम् सुरक्षित बन्दछ जसको फलस्वरूप शिक्षित मानिसले पुरानो समयदेखि गरिबी र आर्थिक पछौटेपनबाट छुटकारा प्राप्त गर्दछ । त्यति मात्र नभई शिक्षाका कारण परम्परागत रुढिवादी धारणा, मूल्य, मान्यता, अन्धविश्वास र कुरीतिलाई त्याग्दै आधुनिक, वैज्ञानिक र व्यावहारिक चिन्तन तर्फ उन्मुख भई सहज, सरल र सभ्य जीवन जिउनका लागि समेत सक्षम बन्दछ (काफ्ले, २०६४) ।

राष्ट्रसंघिय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक कोष युनेस्कोका अनुसार अहिले विश्वमा झन्डै ७५ करोड ९० लाख प्रौढले पढ्न लेख्न जान्दैनन् । त्यस्ता निरक्षरमध्ये हरेक तीनजनामा दुईजना अर्थात् दुई-तिहाई महिला छन् । यो शिक्षामा असमान पहुँचको उपज हो । नेपालका करिब ६० प्रतिशत घरका चेलिबेटी वा आमाले पढ्नलेख्न जान्दैनन् । पछिल्ला तथ्याङ्कले नेपालको साक्षरता प्रतिशत ६५ प्रतिशत पुगेको देखाएको छ र महिला शिक्षामा पनि प्रगति भएको देखाएको छ । यद्यपि देशका झन्डै ६५ लाख निरक्षरमध्ये ४५ लाख महिला नै छन् । साक्षरता महिला सशक्तिकरणको पहिलो पाइला हो । जब महिला शिक्षित हुन्छन् तब जीवनउपयोगी सीपको विकास, आत्मविश्वास एवं स्वावलम्बनमा वृद्धि हुन्छ । साक्षरताले महिलामा सशक्तिकरण ल्याउँछ जुन निर्णय क्षमता विकासको महत्वपूर्ण कडी हो र यसले महिलालाई बाहिरी जगत्वको परिवर्तनसित साक्षात्कार गराउँछ । नेपालमा अझै पनि करिब एक तिहाई जनता निरपेक्ष गरिबीको रेखामुनि छन् । उनिहरूलाई गास, बास र कपासका आधारभूत आवश्यकता पूर्ति गर्न पनि धौधौ परिरहेको छ । मानिसहरूको प्रजनन्दर पनि उच्च छ । यसको अर्थ एकजना महिलाले औषतमा ४ वटा शिशु जन्माउँछन् र जन्मान्तर पनि कम हुन्छ । एकातर्फ आर्थिक अवस्था कमजोर र अर्कातर्फ ठूलो परिवारका

कारण बालबालिकाहरू शिक्षाबाट बञ्चित बन्दै जान्छन् । शिशुका लागि खाना र नाना समेत जुटाउँन नसकिरहेको अवस्थामा अभिभावकले शिशुहरूलाई स्कुलमा पठाउने कुरै भएन । यस्तै धेरै छोरी दाजुभाईको हेरचाह र मेलापातमा लादिएर विद्यालयको मुख हेर्नबाट बञ्चित छन् । विद्यालय जाने उमेरका धेरै बालिका आफूभन्दा मुनिका भाईको हेरचाहका लागि विद्यालय नगएर घरमै बस्न बाध्य हुन्छन् । हाम्रो समाजको अज्ञानता, अन्धविश्वास परम्परा छोरीहरूको शिक्षाका लागि बाधक बनिरहेको छ तर पनि शिक्षाको मुख्य चुनौती भने गरिबि नै हो । सरकारले माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गर्ने भने पनि छोराछोरीको भर्ना एवं पुस्तकबाहेक अरू शैक्षिक खर्चसमेत धेरैले धान्न सक्दैनन् (अर्याल, २०७३) ।

Oxford Advanced Learner's Distionary का अनुसार छात्रवृत्ति भन्नाले शिक्षा आर्जनका लागि विद्यार्थीलाई प्रदान गरिने सहयोग हो । छात्रवृत्ति भौतिक र गैर भौतिक दुवै हुनसक्छ । विद्यार्थीलाई प्रत्यक्ष रूपमा तोकिएको रकम उपलब्ध गराइएमा त्यसलाई भौतिक भन्न सकिन्छ भने विद्यार्थीको निम्ति कुनै शैक्षिक संस्थामा पढ्ने, खाने व्यवस्था मिलाई दिएमा उसलाई सिधै रकम उपलब्ध नगराइएमा त्यसलाई गैरभौतिक भन्न सकिन्छ । शिक्षा क्षेत्रमा राष्ट्रिय, सरकारी, गैर सरकारी तथा अन्तराष्ट्रिय स्तरबाट विभिन्न छात्रवृत्तिसम्बन्धी कार्यक्रमहरू लागू भएका छन् । यी विविध मुद्धाहरूलाई सम्बोधन गर्न छात्राहरूको शिक्षामा पँहुच बढाउने तथा शैक्षिक गुणस्तरमा अभिवृद्धि गर्ने उदेश्यको साथ छात्रा छात्रवृत्ति तथा सहुलियत कार्यक्रम प्रमुख रणनितिका रूपमा देखापरेको छ । अझ विशेषरूपमा भन्नुपर्दा शिक्षामा समतासम्बन्धी मुद्धालाई सम्बोधन गर्नका लागि छात्रवृत्ति तथा सहुलियत सम्बन्धी कार्यक्रमहरूलाई सुबिधा विहिन तथा गरिब बालबालिकाहरूको शिक्षामा हुने लागत घटाई शिक्षामा पँहुच अभिवृद्धि गर्ने कार्यक्रमको रूपमा स्वीकारिएको छ । यस्ता कार्यक्रमहरूले एकातिर समग्र शैक्षिक प्रणालीको क्षमता अभिवृद्धि गर्न, भर्ना दर बढाउन, टिकाउ दर बढाउन, उत्तीर्ण दर बढाउन, नियमितता बढाउन मदत गर्छ भने अर्को तर्फ बीचैमा कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने, अनियमित हुने जस्ता शैक्षिक क्षति न्यूनिकरण गरी बालबालिकाहरूलाई शिक्षा हासिल गर्न सहयोग पुऱ्याउछ (शिक्षा विभाग, २०६३) ।

नेपालमा महिला, बालबालिका वा किशोरीहरूको शिक्षा, स्वास्थ्य, जनचेतना, सशक्तिकरण जस्ता क्षेत्रमा काम गर्ने धेरै संस्थामध्ये ग्रामिण स्वास्थ्य र शिक्षा सेवा गुठी एक गैरसरकारी संस्था हो जसले सन् १९९२ देखि शिक्षा र स्वास्थ्यको माध्यमबाट बालिका, किशोरीहरूको

व्यक्तित्व विकास गर्ने प्रयास गरिरहेको छ । रेष्टले नेपालका १८ वटा जिल्लामा काम गरिरहेको छ । रेष्टले विशेष गरि महिलाहरू र किशोरी वा बालिकाहरूको शिक्षा र स्वास्थ्यको क्षेत्रमा कार्य गर्दछ साथै छात्राहरूको लागि छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्दै आएको छ जुन अति गरिब वा विपन्न, दलित, अपाङ्ग, पिछडिएका वर्ग, जनजाति, मुस्लिम बालिकाहरूका लागि लक्ष्यित रहेका छ । छात्राहरूको विद्यालय शुल्क, किताबकपी, झोला, छाता, स्वेटर, ड्रेस, कोचिङ्ग फ्रि साथै अन्य आवश्यक विद्यालयसगँ सम्बन्धित सामाग्रीहरू उपलब्ध गराउँछ । साथै छात्राहरूको विद्यालयको शिक्षामा सहयोगको लागि सहयोगी शिक्षिका, शुक्रबारे कक्षा सहयोगी शिक्षिकाको व्यवस्था, छात्राहरूलाई चेलिबेटी बेचविखन, महिला हिंसा, स्वास्थ्य सम्बन्धित तालिम पनि दिइरहेको छ । जसले छात्राहरूलाई प्रेरणा जगाई जीवन उपयोगी शिक्षा हासिल गर्न र त्यसलाई व्यवहारमा उर्तान सहयोग पुग्नेछ (रेष्ट परिवार, २०७३) ।

नेपालमा विद्यालय स्तरीय छात्रवृत्तिका कार्यक्रमलाई हेर्दा विगतदेखि नै छात्रवृत्ति अस्तित्वमा रहेको छ र यसले विद्यार्थीहरूलाई आफ्नो पठन-पाठन कार्य अघि बढाउनको लागि सहयोग पुऱ्याएको छ । समाज विकासको लागि शिक्षित जनशक्तिको खाँचो पर्दछ । यसैले सवै जात जाति, वर्ग र लिङ्गका व्यक्तिहरूमा शिक्षाको पहुँच पुग्नुपर्दछ । यसका लागि पछाडि परेका व्यक्तिहरूलाई शिक्षाको मूल धारमा समाहित गर्न छात्रवृत्ति कार्यक्रमले सहयोग पुऱ्याउन सक्छ । नेपालमा शैक्षिक तथ्याङ्क अनुसार महिला, अपाङ्ग, दलित र पिछडिएको वर्गको शिक्षामा सहभागिता कम देखिएकोले खास गरी यी वर्गहरूलाई लक्षित गरी छात्रवृत्ति कार्यक्रम राखेको पाइन्छ । त्यसैले रेष्टले श्री पञ्चमुनिदेव मा.विमा प्रदान गर्दै आएको छात्रवृत्तिले छात्राहरूको शिक्षामा के-कस्ता प्रभाव पारेको छ भन्ने विषयलाई अध्ययन गर्न यस्तो अध्ययन गरिएको हो ।

## १.२ समस्याको कथन

शिक्षा समाज विकासको महत्वपूर्ण सुचक हो । व्यक्तिलाई आफ्नो अर्न्तनिहित प्रतिभाको प्रस्फुटन गराई व्यक्तित्व विकासका साथसाथै राष्ट्रिय रूपमा राष्ट्रप्रति जिम्मेवार, योग्य, दक्ष र सक्षम नागरिक जनशक्ति उत्पादन गर्ने काम पनि शिक्षाको हो । वि.सं. २०६८ सालको जनगणना अनुसार नेपालको कुल जनसंख्या २६४९४५०४ मध्ये पुरुष १२८४९०४१ र महिला १३६४५४६३ रहेको छ । प्रतिशलको हिसावले हेर्दा पुरुष ४८.५० प्रतिशत छ भने

महिला ५१.१० प्रतिशत रहेको छ । यसरी हेर्दा पुरुषको तुलनामा महिला संख्या बढि छ । संख्याको हिसावले महिला धेरै भएपनि सामाजिक, आर्थिक, सांस्कृतिक, राजनितिक, शैक्षिक पक्ष जस्ता क्षेत्रमा पछाडि छन् । नेपाल सरकारले नेपालको संविधान २०७२ को भाग ३ मा शिक्षा सम्बन्धी हक, शोषण विरुद्धको हक, बालबालिकाको हक, महिला हकलाई पनि व्यक्तिको मौलिक हकको रूपमा राखेको छ (केन्द्रिय बालकल्याण समिति, २०७३) ।

हालैको सर्वेक्षणले पाँचदेखि १२ वर्षका सातलाख ७० हजार २८८ बालबालिका अझै विद्यालयबाहिर रहेको तथ्याङ्कले सार्वजनिक भएको छ । सो उमेर समूहका ५३ लाख ७४ हजार २६३ बालबालिका छन् । सो सङ्ख्याको २४.३ प्रतिशत बालबालिका विद्यालयबाहिर छन् । शिक्षा मन्त्रालय, राष्ट्रसघीय बालकोष (युनिसेफ) र राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्घ (युनेस्को) ले तयार गरेको विद्यालय बाहिर रहेका बालबालिका सम्बन्धी नेपाल अध्ययन प्रतिवेदनले यस्तो तथ्य सार्वजनिक गरेको हो । विद्यालय बाहिर रहेका बालबालिका मध्ये बालकभन्दा बालिकाको संख्या वढि रहेको छ । गरिबी, विद्यालय अनुकूल हुन नसक्दा, अपाङ्गता लगायतका कारण ती बालबालिका विद्यालयबाहिर रहन पुगेका छन् । संविधान र शिक्षा ऐनमा अनिवार्य र निशुल्क शिक्षाको व्यवस्था भएकोले अब विद्यालयबाहिर रहेका सबैलाई भित्र्याउनैपर्छ । प्रतिवेदनअनुसार मुस्लिम समुदायका बालबालिका सबैभन्दा बढि विद्यालय बाहिर छन् । नेपालमा व्यप्त गरिबी, छोराछोरी बिचको विभेद लगाएतका विभिन्न समस्याका कारण बालबालिकाहरू शिक्षाको उज्यालो ज्योतिबाट बञ्चित हुन बाध्य छन् त्यसमा पनि बालिकाहरू यस समस्याबाट बढि प्रभावित छन् (नेपाल सरकार शिक्षा मन्त्रालय, २०७३) ।

रेष्टले किशोरी वा बालबालिका र महिला शिक्षा र स्वास्थ्यको क्षेत्रमा काम गर्दै आइरहेको छ जसको उश्द्देय नेपालका महिला तथा बालिकाहरूलाई शिक्षा र स्वास्थ्यको माध्यमबाट व्यक्तित्व विकास गर्दै, सशक्तिकरण, जनचेतनाका माध्यमबाट हालका अवस्थाको सुधार गर्दै लैजाने कोशिस नै हो (रेष्ट परिवार, २०७३) ।

ग्रामिण स्वास्थ्य र शिक्षा सेवा गुठीले तनहुँ जिल्लाका १८ वटा विद्यालयमा छात्रा छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिरहेको छ र मेरो अध्ययन क्षेत्र यस तनहुँ जिल्लाको शुक्लागण्डकी नगरपालिका वडा नं.-४ मा रहेको पञ्चमुनीदेव मा.वि. रहेको छ । यस विद्यालयमा वि.सं. २०६४ सालदेखि रेष्टले छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्दै आएको छ । बालबालिकाहरूको

शिक्षासम्बन्धी थुप्रै शोधपत्र तयार भएको पाएको छु । लेखहरू पनि पढेको छु । र पनि छात्राहरूको शिक्षामा गैरसरकारी संस्थाले प्रदान गरेको छात्रवृत्ति सम्बन्धि लेख, शोधपत्र प्रशस्त मात्रामा भएका छैनन् । त्यसैले प्रस्तुत शीर्षक "छात्रवृत्तिले छात्राहरूको शिक्षामा पारेको प्रभाव" नै समस्याको कथन रहेको छ । छात्रवृत्तिले छात्राहरूको शिक्षा, सशक्तिकरण तथा व्यक्तित्व विकासमा पारेको प्रभावबारे निम्न लिखित उत्तर खोज्ने प्रयास यस अध्ययनमा गरिएको छ ।

- पञ्चमुनिदेव मा.वि.का रेष्टबाट छात्रवृत्ति पाउने छात्राहरूको व्यक्तिगत, शैक्षिक, आर्थिक, पारिवारिक, सामाजिक अवस्था कस्तो रहेको छ ?
- पञ्चमुनिदेव मा.वि.मा रेष्टको छात्रवृत्तिले छात्राहरूको शिक्षामा कस्तो प्रभाव पारेको छ र छात्राहरूमा के कस्ता परिवर्तनहरू ल्याएको छ ?

## १.३ अध्ययनको उद्देश्य

पञ्चमुनिदेव मा.वि. शुक्लागण्डकी-४, तनहूँमा आधारित रहि रेष्टको छात्रवृत्तिले छात्राहरूको शिक्षामा पारेको प्रभावको अध्ययन अनुसन्धान गर्नु यो अध्ययनको साधारण उद्देश्य रहेको छ भने विशिष्ट उद्देश्यहरू निम्नलिखित छन् :-

- छात्रवृत्ति प्राप्त छात्राहरूको सामाजिक र आर्थिक पक्षको अध्ययन गर्ने ।
- रेष्टको छात्रवृत्ति कार्यक्रमले छात्राहरूको शिक्षामा पारेको प्रभावको विश्लेषण गर्ने ।

## १.४ अध्ययनको महत्व

यस अध्ययनले समग्र रूपमा बालिका तथा किशोरीहरूको शिक्षाको स्तर उकास्न काम गर्ने विभिन्न सहकारी तथा गैर सरकारी संघ संस्था मार्फत सञ्चालन भएका कार्यक्रमहरूले महिला तथा बालबालिका सम्बन्धी विभिन्न कार्यक्रममध्ये विद्यालय शिक्षामा बालिका छात्रवृत्ति कार्यक्रमले बालिकाहरूको वैयक्तिक, पारिवारिक, सामाजिक, आर्थिक, शैक्षिक पक्षहरूको विश्लेषण गर्नुको साथै कुनै पनि छात्रवृत्तिलाई बालिकाहरूले सही रूपमा प्रयोग गरेका छन् कि छैनन् ? कार्यक्रम प्रभावकारी छ या छैन ? छात्राहरूको सशक्तिकरण, व्यक्तित्व विकास भएको छ या छैन ? भन्ने कुराको विश्लेषण गर्न यो अध्ययन महत्वपूर्ण हुनेछ ।

## १.५ अध्ययनको सीमा

यस शोधपत्र अध्ययनको क्षेत्र तनहूँ जिल्लाको शुक्लागण्डकी नगरपालिकाभित्र रेष्टको छात्रा छात्रवृत्ति कार्यक्रम सञ्चालन भएका १८ विद्यालयमध्ये शुक्लागण्डकि वडा नं.- ४ मा रहेको श्री पञ्चमुनिदेव मा.वि. का सम्पूर्ण छात्राहरूको स्थितिभित्र नगई रेष्टबाट छात्रवृत्ति पाएका कक्षा एकदेखि दशसम्मका ७८ जना छात्राहरूको बारेमा मात्र अध्ययन गरिएको छ । यो अध्ययन रेष्टको छात्रवृत्ति पाउँने छात्राहरूमा मात्र सिमित रहेको छ ।

## १.६ अध्ययनको सङ्गठनात्मक ढाँचा

प्रस्तुत शोधपत्रलाई मुख्यतया छ भागमा विभाजन गरिएको छ । पहिलो अध्यायमा, अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व र सिमाहरूलाई समावेश गरिएको छ । दोस्रो अध्यायमा अध्यायसँग सम्बन्धित पूर्वसाहित्यको समिक्षा, सैद्धान्तिक अवधारणा, अवधारणात्मक खाका राखिएको छ । तेस्रो अध्यायमा अध्ययन विधि, अनुसन्धान ढाचाँ, अध्ययन क्षेत्र छनौट गर्नुको औचित्य, तथ्याङ्कको प्रकृति र स्रोत, समग्र अध्ययन विधि, तथ्याङ्कको विश्लेषण र प्रस्तुतिकरणलाई समेटिएको छ । अध्याय चारमा छात्रवृत्ति प्राप्त छात्राहरूको सामाजिक, आर्थिक अवस्थाको व्याख्या र विश्लेषण समावेश गरिएको छ । अध्याय पाँचमा श्री पञ्चमुनिदेव मा.वि.मा रेष्टको छात्रवृत्तिको परिचय, छात्रवृत्ति कार्यक्रमले छात्राहरूको शिक्षामा पारेको प्रभाव र छात्राहरूमा आएको परिवर्तन, छात्रवृत्तिप्रतिको धारणा, सामान्य बुझाई आदि बारेमा व्याख्या र विश्लेषण गरिएको छ भने अध्यायमा छ मा अध्ययनको सांराश, निष्कर्ष र सुझावहरू प्रस्तुत गरिएको छ । अन्तमा : अर्न्तवार्ता प्रश्नावली सूची, नक्सा राखिएको छ ।

# अध्याय: दुई

# सन्दर्भ साहित्यको पूनरावलोकन

## २.१ सैद्धान्तिक अवधारणा

### २.१.१ महिला सशक्तिकरणको अवधारणा

महिलाविरुद्धका सबै प्रकारका विभेद र हिंसाको अन्त्य गरी महिलाहरूको हक तथा अधिकारको सुरक्षा र प्रवर्द्धनका लागि राज्यले अधिकारमा आधारित विकास अवधारणको अवलम्बन गरी नीतिगत, कानूनी र संस्थागत सुधारका साथै विकास कार्यक्रमहरू सञ्चालन गरी विभेदकारी कानुनहरू हटाई हरेक क्षेत्रमा महिलाहरूलाई सहभागिता गराई महिलाहरूमा भएको अर्न्तनिहित क्षमतालाई वृद्धि गर्न सक्नु नै महिला सशक्तिकरण हो (गुरूङ, २०७४) ।

हाम्रो नेपाली समाज पितृसत्तात्मक सोचबाट अगाडि बढिरहेको छ । समाज विकासका क्रियाकलापमा महिलाको भूमिका र सहभागिता ज्यादै न्यून रहेको देखिन्छ । जब कृषि युग सुरु भयो त्यहि समयबाटै पुरुषहरूको स्वामित्व जमिनजग्गामा रहन गयो त्यहि सम्पत्ति वा जमिन धान्नका लागि पुरुषहरूले एक भन्दा बढि श्रीमति विबाह गर्ने गर्न थाले त्यसै समयबाट बहुविवाह प्रथाको सुरुवात भएको पनि भन्ने भनिन्छ । बढि श्रीमती विवाह गर्ने धेरै सन्तान जन्माउने र महिलालाई घरको काममा मात्र लगाई आफू मालिक बनेर बस्ने र समान कामको लागि पनि महिला भएका कारण कम महत्व दिने, सम्पत्तिमा वा आम्दानिमा महिलाको हक नहुने महिला कमजोर वर्गको रूपमा रहन पुगिन् पुरुष शक्ति र स्रोतले बलियो, घरको मालिक बनेर बस्ने सामान्ती प्रथाको सुरुवात भयो । त्यसै समयदेखि महिलाहरू दोस्रो दर्जाको रूपमा, पुरुषहरू शक्तिशाली उच्च दर्जाको रूपमा हेर्न थाले । प्रत्येक व्यक्तिमा स्त्रीत्व र पुरुषत्वको गुण हुन्छ । तर समाजले केटीभित्र लुकेको वा केटाभित्र लुकेको स्त्रीत्वलाई बाहिर आउन अर्थात् महुलाउन दिदैन (भासिन, २००३) ।

महिला सशक्तिकरणका सम्बन्धमा रिटजर (१९९१) ले सशक्तिकरणका सम्बन्धमा फराकिलो व्याख्या गरेका छन् । उनका अनुसारका सशक्तिकरण यस्तो प्रक्रिया हो जसबाट व्यक्ति, संस्था र समूह जो शक्तिहिन छन् :-

क) आफ्ना काम र जीवनमा शक्तिको गतिशिलताबारे जानकार हुन्छन् ।

ख) आफ्नो जीवनलाई आवश्यक सुविधाजनक बनाउन सिप र क्षमताको विकास गर्न सक्छन् ।

ग) अरूलाई हानी नपुऱ्याइकन आफ्नो सुविधाको उपभोग गर्न अभ्यस्त हुनेछन् ।

घ) अन्य समूहलाई पनि सशक्त बन्न सहयोग गर्छन् ।

मोसरले (१९९३) ले सशक्तिकरणलाई महिलाको सामर्थ्य बुद्धिसँग तुलना गरेर भन्छिन् "सशक्तिकारणले तुलनात्मक रूपमा कमजोरहरूको पहिचान गर्दछ । विशेष गरी महिलाहरूको आत्मसम्मान र स्वाभिमान बढाउन सक्ने क्षमताको विचार गर्दछ ।"

बाल्टीवाला (१९९४) ले पनि सामर्थ्यलाई नै महिला सशक्तिकरणको व्याख्या गर्दा प्रयोग गरेकी छन् । उनले सशक्तिकरणलाई स्रोतको विवरण, मान्यतामा परिवर्तन, सोचमा परिवर्तन, समाजमा देखिने महिला र पुरुषबीचको सन्तुलनको रूपमा व्याख्या गरेकी छिन् ।

अग्रवाल (१९९२) का अनुसार वमन पार्टिसिपेशन इन डिसिजन मेकिङ् भन्ने पुस्तकमा महिला सशक्तिकरणका लागि सरकारबाट चालिएका कदमहरूको बारेमा प्रकाश पारेका छन् । उनका अनुसार-यिनै उद्देश्यहरूका फलस्वरूप नेपाल सरकारले एउटा छुट्टै महिला तथा समाज कल्याण मन्त्रालयको स्थापना गर्नुका साथै विभिन्न राष्ट्रिय, अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरू समेत क्रियाशिल रहेका छन् ।

राज्यलक्ष्मी नकर्मी, पूर्व उपनिर्देशक शिक्षा विभाग, शिक्षा मन्त्रालयका अनुसार- शिक्षा यस्तो कसि हो जसले चेतनाको आँखा खुल्छ जब मानिस आफ्नो हक तथा आफ्नो अन्य व्यक्तिगत अधिकारका सम्बन्धमा सचेत हुन्छ तब उसले आफ्नो विकास चाहन्छ । एउटा व्यक्ति पूर्ण रूपमा सशक्त हुन अन्य थुप्रै तत्व चाहिन्छ तर मेरो विचारमा शिक्षा प्रमुख कुरा हो । शिक्षाले धेरै कुराको ढोका खोल्छ । मेरो व्यक्तिगत कुरा गर्दा सामान्य स्कूल शिक्षिका हुनु अघिको म र त्यसपछिको ममा निकै भिन्नता छ । जब म आफ्नो समूहमा गएर आफ्ना कुरा व्यक्त गर्न सक्ने भए तब ममा आत्मविश्वास बढ्दै गयो । शिक्षाकै प्रतिफल आज मैले

आफूलाई एक सशक्त नारी भन्न पाएको छु । नेपाली महिलाको सशक्तिकरणका लागि सरकारले धेरै यस्ता शिक्षा मूलक कार्यक्रम ल्याईरहेको छ । तर हाम्रो समाज पितृसत्ता र महिलालाई फरक स्थानमा राखेर हेर्ने समाजका कारण कतिपय बाधाव्यवधान पनि देखापरिरहेका छन् (शिक्षा विभाग, २०७३) ।

## २.१.२ विकास अवधारणा

महिलाहरूको आर्थिक, सामाजिक, शैक्षिक, सांस्कृतिक अवस्थामा सुधार ल्याउनका लागि सरकारी तथा गैरसरकारी संस्थाहरूले महत्वपूर्ण भुमिका निर्वाह गर्दछन् । नेपालमा गैर सरकारी संस्थाहरूले जनचेतना अभिवृद्धि गर्दै लोकतन्त्र र मानव अधिकारको रक्षाको लागि महत्वपूर्ण भूमिका खेलेका छन् । सरकारको प्रत्यक्ष उपस्थिति हुन नसकेको ग्रामिण समुदायहरूमा सेवा प्रवाह गर्ने काममा होस् वा संकटको घडिमा स्थानीय समुदायहरूलाई राहत आपूर्ति गर्ने काममा नागरिक संगठनहरू एवं गैर सरकारी संस्थाले प्रभावकारी भूमिका निभाउदै आएका छन् । गैरसरकारी संस्थाहरूले देशको विकास निर्माणमा सरकारको परिपूरकको रूपमा योगदान पुऱ्याउने साथै नागरिक समाज तथा नागरिक संगठनहरूको अभिन्न अगको रूपमा शान्ति, मानवअधिकार, लोकतन्त्र र स्वतन्त्रताको रक्षकको रूपमा आफ्नो भूमिका निर्वाह गर्दे आएका छन् । हाम्रो देश प्राकृतिक स्रोत साधनले धनी भए तापनि भोक, रोग, गरिवी, अभाव र बेरोजगारी अझै हाम्रा मुख्य समस्या र चुनौतिको रूपमा रहेको छ । त्यसैले देशको उन्नति, प्रगति र विकासका लागि नेपाल सरकार र गैर सरकारी संस्था साझेदारका रूपमा कार्य गर्नुपर्ने आवश्यकता छ । सन् १९५० को दशकदेखि १९९० सम्म विकासका विभिन्न सिद्धान्तहरू देखा परे । सुरुका दशकमा आर्थिक विकासको सिद्धान्त अर्थात् आधुनिकिकरणको सिद्धान्तले चर्चा पायो भने पछिका दशकमा सामाजिक तथा जनता केन्द्रित विकासले स्थान पायो तर यी सिद्धान्तहरूले ग्रामिण जनता एवं विकासबाट टाढा रहेको वर्ग, समुदायको विकासलाई प्रकाश पार्न सकेनन् । उनीहरूको जीवनस्तरमा वृद्धि ल्याउन सकेनन् । सामाजिक तथा आर्थिक धरातलीय यथार्थलाई बुझेर विकासका कार्य सञ्चालन गर्न सकेनन् । प्रतिव्यक्ति आय र राष्ट्रिय आयमा वृद्धि भएपनि सम्पूर्ण मानिसहरूको जीवनस्तर बढ्न सकेन । विकासका नाममा सञ्चालित कार्यक्रमले वातावरणीय एवं सांस्कृतिक पक्षलाई असर पाऱ्यो । मानव क्षमता, रोजाइ, चाहनाको वृद्धि हुन सकेन । दिगो विकास हुन सकेन । शिक्षा स्वास्थ्य, रोजगार, स्वतन्त्रता, मानव

सुरक्षाजस्ता पक्षहरूलाई वेवास्ता गरियो । फलस्वरूप विकासको वैकल्पिक रणनीतिको खोजिमा सबै पक्ष लागि परे । यसै सन्दर्भमा यु.एन.डि.पी. ले मानव विकास प्रतिवेदन १९९० प्रस्तुत गऱ्यो । जसमा मानव विकास सिद्धान्तलाई जोड दिएको थियो । मानव विकास भनेको मानिसहरूको रोजाइलाई बढाउने विकास प्रक्रिया हो यसले आर्थिक विकास र वृद्धिलाई मात्र जोड नदिएर मानव अधिकार, आत्मप्रतिष्ठा, राजनितिक स्वतन्त्रता, स्वास्थ्य जीवन, स्रोत र साधनमा पहुँच, साक्षरता, मानिसका रुचि, चाहना र इच्छाहरूलाई जोड दिन्छ । वास्तवमा मानव विकास मानिसको क्षमता निर्माण जस्तै स्वास्थ्य र ज्ञानमा सुधार गर्नुपर्ने कुरामा जोड दिन्छ । सन् १९९८ पछि नेपालमा पनि मानव विकास प्रतिवेदन वार्षिक रूपमा प्रकाशित हुँदै आएको छ । सन् १९६० देखि १९९० सम्मको विश्व विकासको अनुभवले विकासोन्मुख राष्ट्रको मानव विकास प्रगतियुक्त भएको ठहर गऱ्यो । विकासन्मुख राष्ट्रहरू आर्थिक विकास र मानव विकासमा ध्यान दिन नसक्ने गरी गरिबिको तहमा रहेका छन् । किनकि यिनिहरूले निरपेक्षरूपमा राहत पाएमा आफ्नो विकास गर्न सक्छन् । आफ्नो छनौट अनुसारको विकास गर्ने अधिकार सबै मानिसमा हुन्छ । बाह्य वातावरण एवं गैरसरकारी संस्थाहरूले विकासका कार्यमा उपयोगी माध्यमका रूपमा सहयोग गर्न सक्छन् । विश्व विकासको अनुभवले के स्पष्ट गऱ्यो भने उत्पादन र आर्थिक वृद्धिमात्र विकास होइन । विकासको साध्य र साधन, विकासको धन मानव हो । मानव कल्याण मानव समुन्नति र मानवीय सिर्जनाको विस्तार नै वास्तविक विकास हो । विकासका योजना बनाउँदा मानवहितको लक्ष्यसम्म पुग्ने गरी बनाउनुपर्छ । मानव विकासको सिद्धान्तले खासगरी दुईवटा पक्षलाई जोड दिन्छ । १) मानव क्षमताको निर्माण-यसअर्न्तगत सुधारिएको स्वास्थ्य, ज्ञान र क्षमता पर्दछन् २) क्षमताको उपयोग- मानव जिवन उकास्न प्रयोग हुन्छन् । यस्ता क्षमताले सामाजिक, सांस्कृतिक र राजनीतिक आदि पक्षको विकास गर्न सकोस् । यसरी मानव विकासले मानव सामर्थ्यको विकासलाई जोड दिन्छ । मानव विकास सिद्धान्त (१९९०) मानव विकासको रणनितिले शिक्षा र स्वास्थ्यमा लगानी गर्न जोड दिन्छ । साथै समतामुलक आर्थिक वृद्धिलाई प्रवर्द्धन गर्दछ । स्वतन्त्रता र क्षमता उपागमलाई उच्च प्राथमिकता दिएका छन् भने जीवन अन्त्यसम्म बाच्न सक्ने हुनुपर्छ र शरीर स्वस्थ हुनुपर्छ (आचार्य, २०६७) ।

विश्वमा गरिबीको मुख्य कारण शिक्षामा पछौटेपन र शिक्षाको अभाव हो । आफ्नो भाग्यलाई दोष दिनुको सट्टा कर्ममा ध्यान दिनुपर्दछ । धन कसरी कमाउने भन्ने ज्ञान पनि हामीलाई शिक्षाले दिन्छ । शिक्षाले अज्ञानतारूपी अन्धकारलाई हटाउँछ । शिक्षित व्यक्ति कहिल्यैपनि

अन्धविश्वास र धर्मको नाममा अल्मलिदैन शुद्ध आचरण र व्यवहार गर्ने व्यक्ति आफूआफैमा अज्ञानताको खतराबाट टाढा हुन्छ । त्यसकारण सरकारले अनिवार्य शिक्षा दिनुपर्छ जसले शिक्षित समाज देश विकास हुन्छ साथै दिगो विकासका लागि महिला शिक्षा, स्वास्थ्यमा लगानी गर्नुपर्छ र उनीहरूको आर्थिक स्तर बढाउनुपर्छ" (सेन, १९८१) ।

## २.१.३ लैङ्गिक अवधारणा

समाजले महिलालाई अहिले पनि दोस्रो दर्जाको नागरिकको रूपमा हेरिने र रहनुपर्ने बाध्यता कतिपय समाजमा रहेको पाइन्छ । यसरी महिला सिमित रूपमा घरायसी कामकाजमा मात्र व्यस्त रहनपर्ने पाइन्छ । यसकारण समाजमा रहेको लैङ्गिक असमानताको कारणबाट महिलाहरू शिक्षाको क्षेत्रमा पछाडि परेको छन् । जसरी लिङ्ग शब्दले महिला र पुरुषको शारीरिक भिन्नतालाई जनाउँछ र लैङ्गिक शब्दले मनोवैज्ञानिक, सामाजिक, सांस्कृतिक भिन्नतालाई जनाउँछ (गिडेन्स, १९१८) ।

मानिस सृष्टिको सर्वोत्तम रचना हो र नारी पुरुष उच्च विवेकशील प्राणी हो । यी दुई बीचमा सुख दुःख कठिनाई र अवसरको सम्मान र न्यायिक वितरण हुन आवश्यक हुन्छ । जन्मकै आधारमा एउटा लिङ्ग शक्तिशाली र अर्को शक्तिविहिन हुनु अथवा विपरीत ध्रुवमा खडा हुनु दुवै लिङ्गलाई हानिकारक हुन्छ । विश्व पूँजीवाद तर्फ दुगुरिरहेको बेला आधुनिक विकासको सिद्धान्तले नारीलाई अझ पराश्रीत बनायो । पुरुषको दृष्टिले निर्माण गरेको विकासले महिलाको सामाजिक तथा सांस्कृतिक अवस्था र स्थिति अझ नाजुक बन्न पुग्यो । पितृसत्तात्मक दृष्टिकोणबाट असमान लैङ्गिक श्रम विभाजन हुँदा नारीहरूप्रति ज्यादति भयो । फलस्वरूप नारीवादीहरूले विकासको लैङ्गिक अवधारणा विकास गरे । औपनिवेशिक र उत्तर-औपनिवेशिक निर्यातमुखी कृषि नीतिले समाजमा नारी जीवन संकटमा पर्‍यो । खाद्यान्न, स्वास्थ्य र शिक्षा, राजनीति लगायतका समग्र पक्षमा नारीको अवस्था र अवस्थिति नाजुक हुँदै गएपछि परनिर्भरमुखी विकासको अवधारणा माथि नै प्रश्न खडा हुँदै गयो र "हुने खाने र हुँदा खानेको विचमा द्वन्द्व सृजना भयो । नारी हुँदा खाने वर्गमा परी विकासको मोडल परिवर्तन गर्नुपर्ने आवाज उठ्न थाल्यो । नारी विकासको लागि वीड (WID- 1970) उपागमः यो १९७० को दशकमा निर्माण गरेको एउटा विकासको उपागम हो । उदारवादी नारीवादीहरूले नारीहरूलाई विकासको नीति तथा रणनीतिमार्फत् संलग्न गराउने भनी उत्पत्ति गरिएको यो उपागमले प्रभावकारी काम गरेन । नारी विकासमा वाड (WAD - 1975)

उपागमः समष्टिगत रूपमा नारीको जीवनस्तर उठान गर्न वीड उपागमले नसकेपछि विकासको अर्को उपागम वाड विकास गरियो । यसले स्थीय स्रोत र साधनको पुर्नवितरणई जोड दियो तर नारी विकासको प्रक्रियामा पुरुषले खेल्ने भूमिकालाई प्रकाश पार्न सकेन । यसले नारीको स्थितिलाई सुधार गर्ने, विकास गर्ने र समतामूलक बनाउन नसक्ने देखियो नारी विकासमा ग्याड (GAD-1980) उपागम : विकास प्रक्रियामा नारी र पुरुष दुवैको पारस्परिक सम्बन्ध हुनुपर्ने आवश्यकतालाई आत्मसाथ गर्दै लैङ्गिक विकास उपागम प्रार्दुभाव गरियो । यसले समानता मुलक विकासको अवधारणालाई अगाडि बढाउँदछ । यसरी नारी र पुरुष समाजरूपी रथका दुईपाङ्ग्रा भए पनि विकासको मुलप्रवाहमा संलग्न गराउन अरू पनि धेरै प्रयासहरू भएका छन् । जो अन्तर्राष्ट्रिय नारी सम्मेलनका घोषणा पत्रहरूले उजागर गरेकै छ ।

## नेपालमा छात्रवृत्ति पहिलेदेखि वर्तमानसम्म

नेपालमा छात्रवृत्तिको ऐतिहासिक पृष्ठभूमी हेर्दा यहि समयबाट भनेर एकिनका साथ भन्न सकिदैन तथापी पूराना शासकहरूको शासनकाल हेर्दा आफ्नो सत्ता टिकाइराख्न आफ्नो शासनसत्ता अनुकुलको शिक्षा दिई पढ्न पठाएको पाइन्छ । स्व. राजा पृथ्वीनारायण शाहको शासन कालमा शिक्षा विकासका लागि वैयाकरण केशरीलाई मासिक ५० रूपैया दिई संस्कृत पढ्न र बुद्धिमान सिंहलाई मासिक २० रूपैया दिई फारसी भाषा पढ्न भारत पठाएका थिए त्यस्तै राणा शासन कालमा पनि जंगबहादुर राणा बेलायत भ्रमणबाट फर्केपछि शिक्षाको माध्यमबाट बेलायत र अन्य युरोपेली मुलुकले विकास गरेको कुराबाट प्रभावित भई आफ्नै परिवारमा मात्र सिमित रहेको दरबार हाइस्कुलमा सर्वसाधारणको प्रवेशलाई व्यापक बनाउन बार्षिक ९ मुरीधान र महिनाको ५ रूपैया भत्ताको व्यवस्था गरेको पाइन्छ यसबाट पनि राणाकालीन शिक्षामा पनि छात्रवृत्तिको व्यवस्था भएको पाइन्छ (शर्मा एण्ड शर्मा २०६३) ।

वि.सं. २००७ सालमा प्रजातन्त्रको प्राप्तिपछि नेपालमा शिक्षा विकास योजनाबद्ध रूपमा अगाडि बढेको र विदेशी सहयोग प्राप्त गर्न थालेको देखिन्छ । त्यसपछि जनकाङ्क्षाको शिक्षालाई मध्यनजर गरी वि.सं. २०१० सालमा सरदार रुद्रराज पाण्डेको अध्यक्षतामा ४६ सदस्यीय नेपाल राष्ट्रिय योजना आयोग गठन भयो र यस आयोगले वि.सं.२०११ साल फागुन १६ गते नेपालमा शिक्षा नामक प्रतिवेदन सरकार समक्ष पेश गर्‍यो । यस प्रतिवेदनमा शिक्षा देशव्यापी हुनेछ, शिक्षा निःशुल्क हुनेछ, निःशुल्क शिक्षानै सबैको निमित्त

समान आधार न्यूनतम तथा विश्वव्यापी भएको हुनाले नेपालमा तुरुन्तै यस किसिमको शिक्षा दिनमा आयोग जोड दिन्छ । परिस्थिति अनुसार माध्यमिक शिक्षा सकेसम्म निःशुल्क नै हुनु पर्दछ र दीर्घकालमा हाइस्कूलहरू छात्राबास सहितको स्कूल (Residential School) हुन आवश्यक छ । छात्राबासको खर्च चुकाउनको निमित्त योग्य विद्यार्थीलाई सहायता दिनुपर्दछ । खर्च लाग्दछ भनेर कुनै पनि योग्य विद्यार्थीलाई निरुत्साह पार्नु हुँदैन भन्ने कुरा आयोगको प्रतिवेदन (२०११) मा उल्लेख गरेबाट पनि नेपालमा वृहत्तर रूपमा छात्रवृत्ति कार्यक्रम नभए पनि छात्रवृत्तिको सुरुवात भएको कुरा प्रमाणित हुन आउँछ ।

यसरी नेपालमा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति (२०१८) ले पनि प्राथमिक शिक्षालाई निःशुल्क र अनिवार्य बनाउने भन्ने सिफारिस गरेको र राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८) ले छात्रवृत्ति सम्बन्धी व्यवस्थामा गरिब तर जेहेन्दार विद्यार्थीहरू शैक्षिक दृष्टिकोणले पिछडिएका क्षेत्र र वर्गका बालबालिकाहरूलाई शिक्षा पाउनमा छात्रवृत्तिको व्यवस्था गरी बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउने प्रयास भएको पाइन्छ ।

यस्तै गरी राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०४९), उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदन (२०५५) ले प्राथमिक शिक्षा सर्वशुलभ, विशेष समूहका लागि अनिवार्य तथा निःशुल्क शिक्षा लागु गर्न सुझाव दिएको थियो । हाम्रो जस्तो विकासोन्मुख मुलुकमा शिक्षा बिना गरिबी निवारण असम्भव छ भन्ने महसुस गरी शिक्षाको पहुँच र गुणस्तरका पक्षमा विभिन्न अन्तर्राष्ट्रिय सन्धी, महासन्धीहरूमा हस्ताक्षर गरी विविध शैक्षिक कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । सन् १९९० मा थाइल्याण्डको जोमटिनमा भएको शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनबाट पारित भएको सबैका लागि शिक्षा (Education for all) कार्यक्रममा नेपालले पनि प्रतिबद्धता जाहेर गरेबाट नै सबैलाई शिक्षा प्रदान गर्नका लागि गरिएका कार्यक्रमहरू मध्येको एउटा अंग छात्रवृत्ति कार्यक्रम पनि हो । शिक्षाको अधिकार मानवअधिकार घोषाणापत्र सन् १९४८ लगायत विभिन्न अन्तर्राष्ट्रिय तथा क्षेत्रीय महासन्धि, अनुबन्ध र सन्धिहरूले सुनिश्चित गरेको छ । यिनै सन्धि महासन्धिको सेरोफेरोमा रहेर नेपालको अन्तरिम संविधान (२०६३) ले शिक्षालाई पहिलो पटक मौलिक हकमा समावेश गरको थियो । सबैका लागि शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (१९९०) मा सरकारले प्रतिबद्धता जाहेर गरी विद्यालय भर्ना तथा विचैमा छाड्ने प्रवृत्तिलाई निरुत्साहित गरी पढाइमा निरन्तरता आउन सकोस् भन्ने उद्देश्यले नेपाल अधिराज्यका ७५ वटै जिल्लाहरूमा

प्राथमिक विद्यालय छात्रवृत्ति कार्यक्रम शैक्षिक सत्र २०४७/०४८ देखि लागु भएको छ । यसरी शैक्षिक मूलधारमा समाहित गर्नको लागि गरिएका विभिन्न कार्यक्रमहरूमा छात्रवृत्ति प्रमुख रूपमा रहेको छ । यस छात्रवृत्तिमा पनि छात्रा छात्रवृत्ति प्रमुख रूपमा रहेको छ भने दलित छात्रवृत्ति, सहिदका छोराछोरी छात्रवृत्ति, द्वन्द्वपिडित बालबालिकाको लागि छात्रवृत्ति, कर्णाली क्षेत्रका लागि छात्रवृत्ति, अपाङ्गता भएका विद्यार्थीका लागि छात्रवृत्ति जस्ता कार्यक्रम रणनीतिका रूपमा देखापरेको छ । अझ विशेष रूपमा भन्नुपर्दा शिक्षामा समता सम्बन्धी मुद्दालाई सम्बोधन गर्नका लागि समाजमा पछाडि पारिएका र परेका बालबालिकाको शिक्षामा हुने लागत घटाई शिक्षामा पहुँच अभिवृद्धि गर्ने कार्यक्रमका रूपमा स्वीकारिएको छ । यस्तो कार्यक्रमले समग्र शैक्षिक प्रणालीको सक्षमता अभिवृद्धि गर्न, भर्नादर, टिकाउदर, उर्त्तिणदर र नियमितता बढाउन मद्दत गर्छ भने अर्कोतर्फ बिचैमा कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने, अनियमित हुने दरलाई कम गरी बालबालिकाहरूलाई शिक्षा हासिल गर्न हौसला र उत्प्रेरणा बढाउने तथ्य शिक्षा विभाग (२०६३) ले प्रष्ट पार्दछ ।

नेपाल सरकारले सबैलाई शिक्षाको मुलधारमा ल्याउने विभिन्न सेवासुविधाको व्यवस्था गरेको छ । त्यसमध्ये विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) पनि सबैका लागि शिक्षा कार्यक्रमको निरन्तरता नै हो । त्यसैले यस कार्यक्रममा छात्राहरूलाई विशेष लक्षित गर्दै कर्णाली अञ्चलका सामुदायिक विद्यालयका विद्यार्थीहरू, दलित समुदायका र अपाङ्गता भएका सबै विद्यार्थीहरूको आवश्यकतालाई पूरा गर्न विशेष प्रावधानको व्यवस्था गरिने छ भनि निम्न किसिमका छात्रवृत्ति कार्यक्रम ल्याएको छ ।

**नेपाल सरकारको छात्रवृत्तिको विवरण**

| छात्रवृत्तिका प्रकार | लक्ष्य | रकम रु. |
|---|---|---|
| दलित छात्रवृत्ति | सबै दलित विद्यार्थी | ३५० प्रति विद्यार्थी प्रतिवर्ष |
| छात्रा छात्रवृत्ति | ५०% छात्रा (विद्यालय व्यवस्थापन समितिले आवश्यकताका आधारमा छनौट गर्ने) | ३५० प्रति विद्यार्थी प्रतिवर्ष |
| सहिद छात्रवृत्ति | शहिदका छोराछोरी (जिल्ला शिक्षा कार्यालयले शहिदको रुजु गर्ने) | १,००० प्रति विद्यार्थी प्रतिवर्ष |
| कर्णालीका लागि छात्रवृत्ति | कर्णाली क्षेत्रका सबै छात्रा | १,००० प्रति विद्यार्थी प्रतिवर्ष |
| अपाङ्गता भएका विद्यार्थीका लागि छात्रवृत्ति | अपाङ्गता भएका सबै विद्यार्थी | ५०० देखि १५,००० प्रति विद्यार्थी प्रतिवर्ष (अपाङ्गता को किसिमका आधारमा) |

(स्रोत- विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२ )

अर्थमन्त्रालयद्वारा प्रकाशित स्टेटमेन्ट अफ टेक्निकल एण्ड अदर एसिस्टेन्स (२०१६/२०१७) अनुसार शिक्षा क्षेत्रमा दातृ निकायको सहयोग १० अर्ब ६९ करोड ५१ लाख १४ हजार ३४५ रूपैया बराबरको १७ वटा परियोजना सञ्चालित छन् । विद्यालय क्षेत्र सुधार कार्यक्रम असफल भएपछि सरकारले सात वर्षे विद्यालय क्षेत्र विकाससम्बन्धी नीति तय गरेको छ । नेपालको शिक्षा क्षेत्रमा विभिन्न परियोजनामा अहिले फिनल्यान्ड, अमेरिका, जापान, युरोपिएन युनियन, स्विट्जरल्यान्ड, नर्वे, एसियन विकास वैंक, युनेस्को युनिसेफ गरी ९ वटा दातृराष्ट्र तथा संस्थाहरूले आर्थिक सहयोग गरेका छन् । नेपालले कुल बजेटको जम्मा ११.६ प्रतिशत शिक्षामा छट्याएको छ ।

## २.२ पूर्वसाहित्यको समिक्षा

इलाम जिल्लाको नयाँ बजार गा.वि.स. र नामसालिङ गा.वि.स. को विद्यालयमा Makoto Maki को छात्रा छात्रवृत्ति कार्यक्रमले छात्राहरूको शिक्षामा पारेको प्रभाव भन्ने शिर्षकमा अध्ययन गरेर निम्न निष्कर्ष निकाल्नु भएको छ । यस अध्ययनबाट छात्रालाई छात्रवृत्तिले

सकारात्मक प्रभाव पारेको थियो । विगतमा महिला शिक्षासम्बन्धी संकुचित धारणा थिए । अहिले जस्तो छोरीलाई शिक्षादिक्षा दिने चलन थिएन । महिलाहरूमा शिक्षाको चेतनाको कमिका कारण उनीहरूको अधिकार घरमा, सम्पत्तिमा थिएन । उनीहरू अधिकांश समय घरधन्दामा बिदाउँथे । उनीहरूलाई शिक्षा आर्जन गर्नुपर्छ भन्ने ज्ञान पनि थिएन । समय पनि थिएन । वर्तमान समयमा घरका अभिभावकहरू पनि आफ्नो बालबच्चाहरूलाई उनीहरूको उज्ज्वल भविष्यका लागि विद्यालय पठाउन चाहन्छन् । जस्तो छोरालाई चाहन्छन् त्यस्तै छोरीलाई पनि सोच्ने गर्छन् । उनीहरूले पढ्न पाएनन् त्यसैले हामीले दुःख पाएको अभिभावकहरूको अनुभव छ । अभिभावकहरू आफ्ना छोरीहरूले छात्रवृत्ति पाएकोमा खुसी छन् । अभिभावकहरू धेरैलाई छात्रवृत्ति कसले दिएको भन्ने राम्रो ज्ञान नभएको र जसले छात्रवृत्ति दिएको भए पनि आफ्नो छोरीलाई पढाउन सजिलो भएको, छोरीहरूले छात्रवृत्ति पाएपछि पहिलेभन्दा राम्रो पढेका कारण आमाहरूले पनि छोरीको शिक्षामा चासो राखेको र यस कार्यक्रमले समाजको सोच, महिलाहरूको सोचमा, छोरीहरूको शिक्षाप्रतिको सोचमा परिवर्तन ल्याएको कुरा निष्कर्षमा निकाल्नुभएको छ । छात्रवृत्ति पाएपछि छात्राहरूले आफ्नो छोरीहरूले राम्रो पढेको कारण आमाहरू भन्छन् । लैङ्गिक भेदभाव समाजले सृजना गरेको हो आमाले सधैं आफ्नो सन्तान बराबर देख्छ भन्ने कुरा अभिभावकहरूको अभिव्यक्ति र आमाहरूको सहभागिताले जनाउँछ भनेर निष्कर्ष गर्नुभएको छ (भट्टराई, २०१४) ।

समाज कल्याण अधिकृत टोपबहादुर डाँगीले (भाद्र २०, २०६४) विद्यालय छोडेर गिट्टी कुट्दै बालबालिका भन्ने शिर्षकमा तुलसीपुर झरेका अधिकांश बालबालिका पातुखोलामा गिट्टी कुट्न बाध्य छन् । स्थानीय घर सल्यान, रुकुम, रोल्पा, प्यूठान बताउने बालबालिका विद्यालय जानुको सट्टा जीविकोपार्जनका लागि यहाँ आइपुगेका छन् । छात्रवृत्ति पाउने आशाले विद्यालय भर्ना भएका बालबालिका पनि आम्दानीका लागि गिट्टी कुट्न आएको बालबालिकाको भनाई छ । गिट्टी कुट्दा आम्दानी धेरै हुने र लगानी नपर्ने बालक सुरेन्द्र परियारले बताए । पातुखोलामा आठ वर्षदेखि १५/१६ वर्ष उमेरका बालबालिका गिट्टी कुट्नमा व्यस्त हुन्छन् । आयस्रोत नभएको र बाबुआमाको कमाइले मात्र छाक टार्न नसक्ने हुँदा आफू पनि गिट्टी कुट्न बाध्य भएको बालिका अन्जु वि.क. उल्लेख गर्छिन् । विद्यालय जाने चाहना हुँदाहुँदै पनि गरिबीका कारण मजदुरी गर्नुपरेको बालबालिकाहरूको भनाई छ । पारिवारिक अवस्था र आमा बाबुको लापरवाही जनचेतनाको अभावको कारण हातमा कापी


कलम लिएर विद्यालय जाने उमेरका बालबच्चाहरू ढुङ्गा गिट्टी कुटेर बस्नुपर्ने अवस्था सिर्जना भएको हो ।

कहाली लाग्दो बालविवाह भन्ने शिर्षकमा, प्रकाश सिंहले लेख्नुभएको थियो । उमेर नपुगी विवाह गर्नु र विद्यालय छाड्नु बाजुराका बालबालिकाका लागि नौलो कुरा होइन । बाजुरा १२ गा.वि.स.मा बालविवाहबारे हालै गरिएको सर्वेक्षणले कहाली लाग्दो तथ्य सार्वजनिक गरेको छ । सर्वेक्षण प्रतिवेदन अनुसार यी गा.वि.स.मा २०७२ सालमा भएका विवाहमध्ये ७० प्रतिशत बालविवाह । वर्षभरिमा ५७३ जनाले विवाह गरेका मध्ये ४०२ जना बालबालिका पाइएका छन् । सेभ द चिल्ड्रेनका बाजुरा जिल्ला कार्यक्रम अधिकृत बाले विश्वकर्मा भन्नुहुन्छ । बालविवाह गर्ने २२९ बालिका र १७३ जना बालक छन् । बालविवाह गर्ने अधिकांशले विद्यालय समेत छोडेका छन्, पढ्दापढ्दै विहे गरेको केही समयपछि पढ्न छाड्ने गरेको बताउँनुहुन्छ । ती १२ गा.वि.स. मध्ये २ वटा त बालविवाह मुक्त गा.वि.स. घोषणा भएको थियो । अनौठो त के छ भने जुन गा.वि.स. मा बालविवाह घोषणामुक्त गरिएको थियो त्यहि तोलिदेव गा.वि.स मा नै सबैभन्दा ८१ जनाले बालविवाह गरेका छन् । बालविवाहका कारण परम्परागत मान्यता, घरको दवाव, साथीको लहलहै र मोबाइल फोन, चेतनाको कमीका कारण रोकिन नसकेको सेभ द चिल्ड्रेनका विश्वकर्मा बताउनुहुन्छ (नारीस्वर, २०७४) ।

नेपालमा पनि महिलाहरूले महिला समानता महिलामाथि हुने लैङ्गिक विभेदको अन्त्यको माग गर्दै समयको विभिन्न चरणमा आन्दोलन गरिरहेको थियो त्यसबेला नेपालमा सन् १९९२ मा संयुक्त राष्ट्रसंघको महिलाहरू विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मुलन गर्ने महासन्धीलाई अनुमोदन गरी औपचारिक समानताले मात्र लैङ्गिक समानता हासिल हुने स्वीकारोक्ती सहित सारभूत समानतामा जोड दिँदै सो को कार्यन्वयनमा प्रतिबद्धता जनाएको छ । वि.सं. २०४७ देखि २०७२ सालको संविधानसम्म नेपाली महिलाहरू आजपनि सामाजिक कुप्रथा रितिविाज, धार्मिक परम्परा र पितृसत्तात्मक सोच जस्ता कारणले लैङ्गिक भेदभाव, विभेद र हिंसा सहन बाध्य पारिएका छन् । रेष्टको हालै सार्वजनिक गरेको रिपोर्ट अनुसार यो वर्ष रेष्टबाट १८ वटा जिल्लामा ७८ जना किशोरीले आफै विवाह गरे जसमा तिन जना क्रमशः १२, १३ र १४ वर्षका थिए भने अरू १६-१७ वर्षका थिए । यसरी उमेरै नपुगी आफूखुसी विवाह गर्ने सबैलाई धेरै समस्या आइपर्नेछ किनकी उनीहरूसँग कुनै सिप छैन् । श्रीमान्का घर परिवारका सदस्यहरूले हिंसा गरे भने उनीहरू झन अलपत्र पर्नेछन् ।

यस्तो बेलामा उनीहरूलाई ललाई फकाई विदेशमा लैजाने वा अर्को शहरमा लगेर गलत धन्दामा लगाउनेहरूको फन्दामा उनीहरू पर्न सक्छन् (रेष्ट वरिवार, २०७४) ।

## २.३ अवधारणात्मक खाँका




सामाजिक, आर्थिक सुदृढिकरणका लागि शिक्षाले आधारभुत जीवनसिप, ज्ञान तथा अनुभव जन्य क्षमता हासिल गर्न सहयोग पुऱ्याउँछ । आजको विज्ञान र प्रविधिको युगमा शिक्षा सबै नागरिकको मौलिक अधिकारको रूपमा स्थापित भएको छ । शिक्षाले व्यक्तिको व्यक्तित्व विकास गर्नुको साथै मुलुकको निम्ति अपरिहार्य, उत्पादनशिल, अनुशासित, देशभक्त र चरित्रवान नागरिक उत्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । विगतका दशकहरूमा नेपालले शिक्षा क्षेत्रमा उल्लेख्य प्रगति हाँसिल गरे तापनि वस्तुतः समग्र राष्ट्रको साक्षरता निकै कम रहेको स्थिति छ भने अर्कातर्फ महिला साक्षरता पुरुषको तुलनामा निकै कम छ । जबसम्म बालबालिकाहरूलाई शिक्षाको मुल प्रवाहमा ल्याई समान रूपमा लाभान्वित तुल्याउन सकिदैन तवसम्म सचेत, समुन्नत र सुसंस्कृत समाजको परिकल्पना गर्न सकिदैन ।

शिक्षाको समान वितरणले मात्र कुनै पनि राष्ट्र समानुपातिक विकासका लागि अग्रसर हुन सक्दछ । तर शिक्षाको असमान वितरण एवं विकास भएकाले देशका सबै जातजाति, वर्ग र वर्णका मानिसहरू शिक्षाको पहुँचमा पुग्न सकेका छैनन् । जनसंख्याको आधा हिस्सा ओगट्ने

महिलाहरूलाई कम महत्व दिइएका कारण उनीहरू आफ्नो व्यक्तित्व विकास गरी राष्ट्र निर्माणको अभियानमा अपेक्षाकृत सहभागी हुन सकेका छैनन् । हरेक वर्ग, जाति, समुदाय र समाजका प्रत्येक बालबालिकाले शिक्षा प्राप्त गर्नु उनीहरूको नैसर्गिक अधिकार हो । तर उनीहरूका अभिभावकमा रहेको शिक्षाप्रतिको चेतनाको कमी, गरिबी, छोराछोरीलाई हेर्ने विभेदपूर्ण दृष्टिकोण तथा अन्य प्रतिकुल परिस्थितिले गर्दा शिक्षा पाउनमा बञ्चित बालबालिकालाई शिक्षा प्राप्त गर्न हौसला तथा सहयोग छात्रवृत्तिले गर्न सक्छ । यस्तो अवस्थामा पहुँचमा समानता र सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पर्नसक्छ ।

रेष्टको कार्यक्रमले विशेष गरी दलित, जनजाति, आर्थिक अवस्था कमजोर भएको जो बेचविखनको जोखिममा छन् र एच.आई.भी. भएका परिवारका छात्राहरूलाई शिक्षा दिनको लागि छात्रवृत्ति प्रदान गरिएको छ । छात्रवृत्ति छनोट प्रक्रियामा विद्यालय, विद्यालय व्यवस्थापन समिति, समुदाय र रेष्टद्वारा गरिन्छ । रेष्टले छात्राहरूको लागि आवश्यक शैक्षिक सामग्री जस्तै : झोला, पोशाक र आवश्यक सहायक पुस्तिकाहरू र जनचेतनाको लागि शुक्रबारे कार्यक्रम गर्नेगर्दछ । यस कार्यक्रमले छात्राहरूको हरेक क्षेत्रमा सुधार गरेको छ । छात्रवृत्ति पाएका ७८ जना छात्राहरूको शैक्षिक अवस्था, स्वास्थ्य, पोषण, सरसफाई जस्ता कुराहरूमा परिवर्तन आएको देख्न सकिन्छ । उनीहरू हरेक कुरामा सक्षम, सवल बन्दै सशक्त हुँदै गएका छन् । यस कार्यक्रमले छात्राहरूको शिक्षामा लगानी गर्दै आत्मनिर्भरतामा जोड दिएको पाइन्छ ।

# अध्यायः तिन

# अनुसन्धान विधि

## ३.१ अनुसन्धानको ढाँचा

यस शोधपत्रका लागि वर्णनात्मक र अन्वेषणात्मक दुवै अध्ययन विधिको प्रयोग गरिएको छ । वर्णनात्मक अध्ययन विधिबाट पञ्चमुनिदेव मा.वि. मा रेष्टबाट छात्रवृत्ति पाउने छात्राहरूको सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक, पारिवारिक अवस्थाको बारेमा वर्णन गरिएको छ । अन्वेषणात्मक विधिद्वारा छात्राहरूमा रेष्टको छात्रवृत्ति कार्यक्रमले छात्राहरूको शिक्षामा कस्तो प्रभाव पारेको छ र यसको प्रभावबारे अन्वेषण गर्ने प्रयत्न गरिएको छ । यो अध्ययन छात्राहरूसगँमात्र सम्बन्धित रहि सशक्तिकरण, विकास र लैङ्गिक दृष्टिकोण प्रयोग गरिएको छ ।

## ३.२ अध्ययन क्षेत्र छनोटको औचित्य

यस अध्ययनको लागि पञ्चमुनिदेव माध्यमिक विद्यालयलाई अध्ययन क्षेत्रको रूपमा छनौट गरिएको छ । पञ्चमुनिदेव मा.वि तनहूँ जिल्ला शुक्लागण्डकी वडा नं.-४ मा पर्दछ । तनहूँ जिल्लाका शिक्षा क्षेत्रमा काम गरिरहेका गैरसरकारी संस्थाहरूमध्ये ग्रामिण स्वास्थ्य र शिक्षा सेवा गुठी एक हो । जसले तनहूँका १८ वटा सामुदायिक सरकारी विद्यालयहरूमा छात्राहरूलाई छात्रवृत्ति प्रदानका साथसाथै जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दे आइरहेको छ । मैले भने तनहूँ जिल्लाको शुक्लागण्डकी न.पा.का. को दुलेगैडा स्थित श्री पञ्चमुनिदेव मा.वि मा रेष्टको छात्रवृत्ति पाएका छात्राहरूलाई मात्र आफ्नो अध्ययन क्षेत्रको रूपमा छनोट गरेको छु । यस विद्यालयमा रेष्टको कार्यक्रमबाट छात्रवृत्ति पाउने ७८ जना छात्राहरूको सामाजिक, आर्थिक अवस्था, छात्रवृत्ति कार्यक्रमले छात्राहरूको शिक्षामा पारेको प्रभाव, उनीहरूको जीवनमा ल्याएको परिवर्तन, उनीहरूको रेष्टको छात्रवृत्ति पाउनु पूर्वको अवस्था र हालको अवस्थाबारे शुक्ष्म ढङ्गले नियाल्ने प्रयास गरिएको छ ।

## ३.३ समग्र अध्ययन विधि

यस अध्ययनको क्षेत्र पञ्चमुनिदेव माध्यमिक विद्यालय हो । यस विद्यालयमा कक्षा (१ देखि १० सम्म) जम्मा १६७३ जना विद्यार्थी अध्ययनरत छन् त्यसमध्ये ९५५ जना छात्रा छन् भने ७१८ जना छात्र छन् । ९५५ जना छात्रामध्ये रेष्टको छात्रवृत्ति पाएका कक्षा एकदेखि दशसम्मका जम्मा ७८ जना छात्राहरूलाई समग्र अध्ययन विधिको आधारमा अध्ययनमा समेटिएको छ । हाल रेष्टको छात्रवृत्ति कार्यक्रम तनहूँ जिल्लाको शुक्लागण्डकी न.पा.का अर्न्तगत १८ वटा सामुदायिक सरकारी विद्यालयमा भएपनि यस अध्ययन क्षेत्र श्री पञ्चमुनिदेव मा.वि मा रेष्टको छात्रवृत्ति पाएका छात्राहरूलाई मात्र समेटी यो अध्ययन गरिएको छ ।

## ३.४ तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनमा प्राथमिक र द्वितीय दुवै प्रकारका स्रोतहरूबाट तथ्यहरू संकलन गरिएको छ । प्राथमिक स्रोतअन्तर्गत प्रत्यक्ष भेट, अवलोकन, अन्तर्वार्ता अनुसूची, छलफलका माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । यस क्रममा कतिपय गुणात्मक प्रकृतिका तथ्याङ्कहरू मुख्य सूचनादाता र सूचनादाताहरूको सामूहिक छलफलबाट पनि संकलन गरिएको छ । द्वितीय स्रोतको रूपमा बालबालिका र महिला शिक्षासँग सम्बन्धित लेख, रचना, पुस्तक पत्रपत्रिका, वेबसाइटहरू आदिलाई लिइएको छ । द्वितीय स्रोतमाथि भन्दा प्राथमिक स्रोतलाई नै तथ्याङ्कको मुख्य स्रोतको रूपमा लिइएको छ । संकलन गरिएका तथ्याङ्कहरू परिमाणात्मक र गुणात्मक दुवै प्रकृतिका रहेका छन् । परिमाणात्मक प्रकृतिका तथ्यहरूको संकलन स्थलगत सर्वेक्षणबाट र गुणात्मक प्रकृतिका तथ्यहरूको संकलन सूचनादाताको उत्तर एवम् उनीहरूसँग भएको छलफलबाट गरिएको छ ।

### ३.४.१ प्राथमिक तथ्याङ्क संकलन विधि

#### क) अन्तर्वार्ता अनुसूची

यस अध्ययनमा अन्तरवार्ता लिई आवश्यक तथ्याङ्क तथा सूचना संकलन गरिएको छ । यसको लागि अध्ययन क्षेत्र विद्यालयमा गई प्रत्यक्ष भेटको माध्यमबाट प्रत्येक छात्राहरूलाई प्रश्न सोधिएको छ साथै प्रत्येक छात्राहरूलाई तयार पारिएको प्रश्नवाली अनुसुचि भराइएको छ जुन संरचित र असंरचित दुवै खाले प्रश्नहरू छन् । प्रश्नसूचिमा समावेश गरिएका

प्रश्नहरू संख्यात्मक तथा गुणात्मक दुवै खालका तथ्याङ्क प्राप्त गर्न सकिने गरी संरचित प्रश्नहरूलाई समावेश गरिएको छ । सबै पक्षबाट आएका तथ्याङ्कहरूलाई विश्लेषण गरेर प्राप्त भएका तथ्यहरूलाई मात्र मुख्य सामग्रीको रूपमा प्रयोग गरिएको छ ।

### ख) अवलोकन विधि

अवलोकन तथ्याङ्क संकलनको एक महत्वपूर्ण विधि हो । अनुसन्धान क्षेत्र विद्यालयमा गई रेष्टबाट छात्रवृत्ति पाउने छात्राहरूको विद्यालय सहभागिता अवलोकन गरिएको छ र शुक्रबारे कार्यक्रममा छात्राहरूको सहभागिता, सक्रियता, प्रत्यक्ष अवलोकन गरिएको छ । छात्राहरूको अभिभावकहरूको मासिक बैठकमा उपस्थिति, सहभागिता, सक्रियताको प्रत्यक्ष अवलोकन गरिएको छ ।

### ग) वैयक्तिक अध्ययन

यस अनुसन्धानका लागि छनौटमा परेका रेष्टको छात्रवृत्ति प्राप्त छात्राहरूमध्येबाट तीन जना छात्राहरूको छनौट गरी वैयक्तिक विवरण समावेश गरिएको छ ।

### घ) समूह केन्द्रित छलफल

तथ्याङ्क संकलन गर्नको लागि विषय वस्तुसँग सम्बन्धित रही रेष्टको मासिक अभिभावक बैठक राखिएको समयमा गइ अभिभावक, विद्यार्थी, विद्यालयका शिक्षकहरू, प्र.अ., रेष्ट विद्यालय कक्षा सहयोगी शिक्षिका, शुक्रबारे कक्षा सहयोगी शिक्षिका सबैसँग बसी समूह केन्द्रित छलफल गरिएको छ र तयार पारिएका प्रश्नहरू पनि सोधिएको छ ।

## ३.५ तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतीकरण

तथ्याङ्कको संकलनपछि परिमाणात्मक तथ्याङ्कहरूलाई सूचीकरण गरी वर्गीकरण गर्ने कार्य गरिएको छ । यही वर्गीकरणको आधारमा सरलीकरण पनि गरिएको छ । गुणात्मक प्रकृतिको तथ्याङ्कहरूलाई तथ्यपरक र बोधगम्य बनाउन आवश्यकताअनुसार व्याख्या, विश्लेषण र विस्तार गरिएको छ । सामान्यतया तथ्याङ्कहरूलाई तालिकिकरण, प्रतिशत प्रयोग गरी आवश्यकता अनुसार व्याख्या र विश्लेषण गरिएको छ ।

# अध्याय-चार

# छात्रवृत्ति प्राप्त छात्राहरूको सामाजिक आर्थिक अवस्था

यस अध्यायमा उत्तरदाताको सामाजिक- आर्थिक अवस्थाको व्याख्या र विश्लेषण गरिएको छ । छात्राहरूको अध्ययनमा विभिन्न तत्वहरूले प्रभाव पारिरहेको हुन्छ जस्तै भौगोलिक, सामाजिक, साँस्कतिक, आर्थिक, लैङ्गिक, मनोवैज्ञानिक आदि । नेपाल एक भौगोलिक विविधताले सजिएको देश हो त्यसैले पहाडमा उकालि ओराली गर्नुपर्ने, विद्यालय नजिक नहुने, घरबाट विद्यालय पुग्न घण्टै लाग्ने, विद्यालय नजिकमा नहुदा बच्चाहरूको शिक्षादिक्षाका लागि शहर झर्नपर्ने बाध्यताहरू छन् जसले गर्दा पढाईलाई प्रत्यक्ष प्रभाव पारेको हुन्छ । त्यसैगरी सामाजिक तत्वले पनि छात्राहरूको शिक्षामा प्रभाव पार्दछ । हाम्रो समाजमा छोरीको शिक्षाका तुलनामा छोराको शिक्षालाई बढि महत्व दिईन्छ । छोरीलाई अरूको घरमा जानुपर्ने, अर्काको नासो पढाएर के हुन्छ ?, कमाएर पाल्ने छोरा हो छोरीलाई पढाउनुभन्दा घरको काम सिकाउनुपर्छ जस्ता धारणाहरू समाजमा व्याप्त छन् साथै आर्थिक पक्षले अझ बालबालिकाहरूको शिक्षामा प्रत्यक्ष प्रभाव पार्दछ त्यसैले त धनीका छोराछोरीहरू शहरबजारमा निजि विद्यालयमा अध्ययन गर्ने र पैसाको अभावमा गरिबका छोराछोरीहरू सरकारी विद्यालयमा पढ्न बाध्य छन् । यस अध्यायमा श्री पञ्चमुनिदेव मा.विमा छात्रवृत्ति प्राप्त छात्राहरूको सामाजिक-आर्थिक पक्षलाई प्रष्टाइएको छ ।

## ४.१ कक्षागत आधारमा उत्तरदाताहरूको विवरण

रेष्टको छात्रवृत्ति श्री पञ्चमुनिदेव मा.वि.मा वि.सं. २०६४ सालमा १० जना छात्राहरूबाट शुरु भएको थियो । त्यसपछि वर्षेनी थप हुदै यस विद्यालयमा कार्यक्रम सञ्चालनमा छ । हाल कक्षा १ देखि १० सम्मका छात्रवृत्ति पाउने छात्राहरूको संख्या ७८ जना पुगेको छ । छात्रवृत्ति प्राप्त छात्रा विद्यार्थीहरूको कक्षागत विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१: कक्षागत आधारमा उत्तरदाताहरूको विवरण**

| कक्षा | कक्षामा जम्मा छात्रा सङ्ख्या | रेष्टको छात्रवृत्ति प्राप्त छात्रा सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| २ | ५१ | ३ | ३.२ |
| ३ | २४ | १ | १.१ |
| ४ | १०० | १ | १.१ |
| ५ | १०९ | ७ | ८.४ |
| ६ | १०८ | ८ | १०.४ |
| ७ | ९९ | ११ | १४.६ |
| ८ | १०२ | १९ | २४.९ |
| ९ | १०२ | १४ | १७.७ |
| १० | १०३ | १४ | १७.७ |
| जम्मा | ८०८ | ७८ | १०० |

स्रोत स्थलगत सर्वेक्षण २०७४

तालिकाअनुसार कक्षा-२ मा जम्मा ५१ जना छात्रामध्ये छात्रवृत्ति पाउने छात्राहरूको सङ्ख्या ३ जना अर्थात् ३.२ प्रतिशत रहेको छ । कक्षा-३ मा जम्मा २४ जना छात्राहरूमध्ये १ जनाले मात्र छात्रवृत्ति पाएको अर्थात् १.१ प्रतिशत रहेको छ । कक्षा-४ मा पनि १ जनाले छात्रवृत्ति पाएको छ अर्थात् १.१ प्रतिशत छ । त्यसैगरी कक्षा-५ मा ७ जना अर्थात् ८.४ प्रतिशत रहेको छ । कक्षा ६ मा ८ जना अर्थात् १०.४ प्रतिशत रहेको छ । कक्षा-७ मा ११ जना अर्थात् १४.६ प्रतिशत रहेको छ । कक्षा-८ मा १९ जना अर्थात् १४.६ प्रतिशत रहेको छ । कक्षा-९ मा १४ जना छात्राहरू अर्थात् १७.७ प्रतिशत रहेको छ र कक्षा-१० मा १४ जना अर्थात् १७.७ प्रतिशत रहेको छ । कक्षा-२ भन्दा तल्लो कक्षामा हाल रेष्टको छात्रवृत्ति प्राप्त गर्ने छात्राहरू छैनन् ।

## ४.२ उमेरको आधारमा उत्तरदाताहरूको विवरण

मानिसको उमेरले सामाजिक, आर्थिक क्रियाकलापमा महत्वपूर्ण भूमिका खेल्दछ । मुख्यतया १६ वर्षदेखि ६० वर्षसम्मको उमेर समूहलाई आर्थिक रूपले सक्षम मानिन्छ । भने १६ वर्षभन्दा कम उमेरका बालबालिकाहरूलाई विद्यालय उमेरका बालबालिका मानिन्छ । यस

अध्ययनमा रेष्टको छात्रवृत्ति पाउने छात्राहरूको उमेर तीन श्रेणीमा विभाजन गरी प्रस्तुत गरिएको छ । जसमा (९ देखि ११), (१२ देखि १४) र (१५ देखि १७) वर्ष उमेर समूहका रहेका छन् ।

**तालिका ४.२: उमेरको आधारमा उत्तरदाताहरूको विवरण**

| उमेर समूह | छात्राहरूको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ९ देखि ११ वर्ष सम्म | ११ | १४.६ |
| १२ देखि १४ वर्ष | ४६ | ५८.४ |
| १५ देखि १७ सम्म | २१ | २६.१ |
| जम्मा | ७८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७४

माथिको तालिका ४.२ अनुसार उमेरको आधारमा नौ वर्षदेखि एघारा वर्षसम्मका छात्राहरूको संख्या ११ जना रहको छन् जसको १४.६ प्रतिशत हुन आउछ । त्यसैगरी १२ देखि १४ वर्षसम्मको छात्राहरूको संख्या ४६ जना रहेका छन् जसको ५८.४ प्रतिशत हुन आउँछ र १५ देखि १७ वर्ष उमेर समूहको छात्राहरूको संख्या २१ जना रहेका छन् जसको २६.१ प्रतिशत हुन आउछ । माथिका तालिका हेर्दा सबैभन्दा धरै १२ देखि १४ वर्ष उमेर समूहका छात्राहरू रहेका छन् । रेष्टको छात्रवृत्ति प्राप्त गर्ने छात्राहरू ९ वर्षभन्दा कम उमेरका कोहि पनि छैनन् । त्यसैले प्रश्न गर्दा उत्तर दिन र लेख्न नसकेर अभिभावकहरूको सहयोग लिनुपर्ने अवस्था सृजना भएन ।

## ४.३ उत्तरदाताहरूको परिवारको पेशा

समाजमा महिलाको स्थिति, स्तर मापन गर्ने एउटा माध्यम पेशा हो । हाम्रो समाजमा महिलाहरू प्राय : श्रीमान्‌को कमाईमा निर्भर रहेको पाइन्छ । महिलाहरू विभिन्न किसिमको पैसा नपाइने क्रियाकलापमा संलग्न भएको पाइन्छ । महिलाहरू प्राय घरधन्दा, चुलोचौको, बालबच्चाहरूको स्याहार सुसार गर्ने, कृषिको काम गर्ने, वस्तुभाउ सम्हाल्ने जस्ता पैसा नपाउने क्रियाकलापमाहरूमा संलग्न हुन्छन् जसको कुनै गणना नै हुँदैनन् । त्यसो हुनको कारण महिलाहरू आर्थिक, शैक्षिक रूपमा कमजोर, निर्णय क्षमतामा पुरुषको हात हुनु मुख्य कारण हुन सक्छन् । त्यसैले यस्तो किसिमको छात्रवृत्ति विभिन्न किसिमको शैक्षिक

अवसरहरू खोजिरहेका छन् । छात्रवृत्ति प्राप्त छात्राहरूको अभिभावकहरूको पेशा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.३: उत्तरदाताहरूको परिवारको पेशा**

| अभिभावकको पेशाको प्रकार | छात्राहरूको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| नोकरी | २१ | २६.१ |
| व्यवसाय | २ | २.१ |
| कृषि | २३ | २९.२ |
| ज्याला मजदुरी | ३२ | ४१.६ |
| जम्मा | ७८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७४

माथिको तालिका ४.३ अनुसार छात्रवृत्ति पाउने छात्राहरूको पारिवारिक आम्दानीको स्रोत अर्थात् परिवारको पेशा के के छन् त भन्नेमा नोकरी भन्नेहरूको संख्या २१ जना अर्थात २६.१ प्रतिशत रहेको छ । व्यवसाय छ भन्नेको २ जना अर्थात २.१ प्रतिशत रहेको छ । कृषि भन्नेहरूको संख्या २३ जना अर्थात २९.२ प्रतिशत रहेको छ साथै ज्यालामजदुरी भन्नेहरूको संख्या ३२ जना अर्थात ४१.६ प्रतिशत रहेको छ । अध्ययन अनुसार छात्राहरूको अभिभावकहरूले सबैभन्दा बढी ज्याला मजदुरी गरेर आफ्नो घर चलाएको पाइयो । यसो हुनको मुख्य कारण उनीहरूको आफ्नो घरजग्गा नभएको, अशिक्षाका कारण उनीहरूको अभिभावकहरू ज्यालामजदुर गरेको पाइयो ।

## ४.४ छात्रवृत्ति पाउने छात्राहरूको जात/जातिगत विवरण

नेपाल एक बहुजाति, बहुभाषिक विशेषता बोकेको मुलुक हो । यहाँ विभिन्न जातजातिहरू बसोबास गर्दै आइरहेका छन् । यस विद्यालयमा शुक्लागण्डकी नगरपालिकाका सम्पूर्ण १२ वटा वडाबाट विद्याथीहरू पढ्न आउने गर्दछन् । नजिकैका दुलेगौँडा, गाछेपानी, बेलचौतारा, कवासे, गल्छिना, हलेदी, वनकेवा, सेराबाट भने विद्यार्थी अन्य गाउँबाट भन्दा बढी आउने गर्दछन् किनकी वडा नं. १, २, ३, ४ बाट विद्यालय आउन पायक पर्ने र अन्य वडाका विद्यार्थीहरू पनि अभिभावक पढाउनका लागि दुलेगौँडामा बसि आफ्ना बच्चाहरू पढाउने

गरेको पाइयो । यस विद्यालयमा ब्राह्मण, क्षेत्री, मुश्लिम, दलित, जनजातिहरूमा गुरुङ, मगर, राई, तामाङ आदि जातजातिका विद्यार्थीहरू अध्ययनरत छन् । यस अध्ययनमा भने श्री पञ्चमुनीदेव मा.वि. मा रेष्टबाट छात्रवृत्ति प्राप्त गरेका छात्राहरूको जातिय विवरण देखाउन खोजिएको छ । जुन यस प्रकार रहेका छन् :

**तालिका ४.४: उत्तरदाताहरूको जात/जातिगत विवरण**

| जात /जाति | छात्राहरूको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ब्राह्मण/क्षेत्री | १६ | २०.८ |
| जनजाति | ३२ | ४१.६ |
| द्यलित | २६ | ३३.३ |
| मुश्लिम | ४ | ५.३ |
| जम्मा | ७८ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७४

माथिको तालिका अनुसार रेष्टको छात्रवृत्ति पाउने छात्राहरूमध्ये जनजाति छात्राहरू सबैभन्दा धेरै ३२ जना अर्थात् ४१.६ प्रतिशत रहेको छ । त्यसपछि दलित छात्राहरू २६ जना अर्थात् ३३.३ प्रतिशतले यो छात्रवृत्ति प्राप्त गरेको छ । त्यसपछि ब्राह्मण/क्षेत्री छात्राहरू १६ जना अर्थात २०.८ प्रतिशत र सबैभन्दा थोरै मुश्लिम बालिका ४ जना अर्थात ५.३ प्रतिशत यो छात्रवृत्तिबाट लाभान्वित रहेको पाइयो ।

## ४.५ उत्तरदाताहरूको धार्मिक विवरण

समयको परिवर्तनसँगै नेपालमा पनि विभिन्न धर्मको विकास भएको पाइन्छ । धर्मलाई मानवले अलौकिक शक्तिको रूपमा विश्वास गरेको पाइन्छ । धर्म मानव समाजको एक सार्वजनिक संस्था भएकोले मानव जीवनमा विश्वास एवम क्रियाकलाप दुवैलाई निर्धारण गरेको हुन्छ धर्मले मानव समाजको सामाजिक, राजनैतिक, आर्थिक जीवनलाई प्रभावित गर्दछ । प्राचीन समयमा समाजलाई एकता र नियमको घेरा भित्र राख्न धर्मले महत्वपूर्ण भूमिका खेलेको थियो । कानुनको निर्माण नहुन्जेलसम्म समाजलाई एकतामा बाध्ने काम धर्मले नै गरेको थियो । धर्मले हरेक नकारात्मक पक्षलाई नियन्त्रण गरेको हुन्छ । धर्मकै

कारणले मानिसले पाप लाग्छ भनी नराम्रो कार्य नगर्ने गरेको पाइन्छ । नेपालमा विशेषगरी दुईवटा धर्मलाई महत्वका साथ मान्ने गरिन्छ । ति हुन् हिन्दु र बौद्ध धर्म, वर्तमान समयमा हिन्दु र बौद्ध धर्मका साथै मुस्लिम र क्रिश्चियन धर्म पनि मौलाउँदै गएको छ । अध्ययन क्षेत्रमा पनि विभिन्न धर्म मान्ने मानिसहरूको बसोबास रहेको पाइन्छ ।

**तालिका ४.५ : उत्तरदाताहरूको धार्मिक विवरण**

| धर्म | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ५४ | ६९.० |
| बौद्ध | ११ | १४.५ |
| क्रिश्चियन | ९ | ११.५ |
| मुस्लिम | ४ | ५.० |
| जम्मा | ७८ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७४

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा पनि विभिन्न धर्म मान्ने मानिसहरू बसोबास गर्दछन् । छात्रवृत्ति प्राप्त छात्राहरूमा हिन्दु धर्म मान्ने ५४ जना अर्थात ६९ प्रतिशत, बौद्ध धर्म मान्ने ११ जना अर्थात १४.५ प्रतिशत, त्यसैगरी क्रिश्चियन र मुस्लिम धर्म मान्नेमा क्रमशः ९ जना अर्थात ११.५ र ४ जना अर्थात ५ प्रतिशत रहेको छ ।

## ४.६ उत्तरदाताहरूको पारिवारको आकार

परिवार समाज निर्माणको आधार हो । विशेष गरी नेपालमा समियको परिवर्तनसँगै वृहत परिवारको संरचना परिवर्तन हुँदै हाल एकल परिवार संयुक्त परिवार प्रचलनमा रहेका छन् । परिवारको आकारले छोरीहरूको शिक्षामा प्रभाव पार्ने हुनाले परिवारको पनि विश्लेषण गरिएको छ । परिवारको सङ्ख्या धेरै भएमा परिवारमा आर्थिक व्यवस्थापन गर्न, छोराछोरीलाई हेरविचार गर्न समस्या हुने गर्दछ । परिवारमा सन्तानहरू धेरै भए छोरीहरूलाई घरको काममा लगाउने, घरमा भाइबहिनी हेर्न लगाउने, विद्यालय पठाउँदा छोरीलाई भन्दा छोरालाई बढी प्राथमिकता दिने, बालबच्चाहरूको पालनपोषण गर्नका लागि छाक जुटाउन समेत समस्या भएको अवस्थामा उनीहरूको स्वास्थ्य, पोषण, शिक्षाजस्ता

कुराहरूमा अभिभावकहरूले ध्यान पुऱ्याउन नसक्ने जस्ता विभिन्न समस्याहरू हाम्रो समाजमा विद्यमान छन् । त्यसैले अध्ययन क्षेत्रभित्रका छात्रवृत्ति पाउने छात्राहरूको पारिवारिक संरचनालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.६: उत्तरदाताहरूको परिवारको आकार**

| परिवारको आकार | छात्राहरूको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एकल | ३३ | ४२.७ |
| संयुक्त | ४४ | ५६.३ |
| जम्मा | ७८ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण २०७४

माथिको तालिकाअनुसार रेष्टको छात्रवृत्ति प्राप्त छात्राहरूको परिवारको संरचना एकल परिवार र संयुक्त परिवार रहेका छन् । एकल परिवार हुने ३३ जना अर्थात ४२.७ प्रतिशत रहेको छ भने संयुक्त परिवार हुने ४४ जना अर्थात् ५६.३ प्रतिशत रहेको पाइयो ।

## ४.७ उत्तरदाताहरूको बासस्थानको विवरण

यसमा उनीहरू बस्ने घरको बारेमा भन्न खोजिएको हो । उनीहरू बस्ने घर आफ्नै हो वा भाडामा बस्ने गर्छन्, कस्तो किसिमको छ अन्य भए कहाँ बस्छन् ? तलको तालिकामा उनीहरूको वासस्थानको विवरण प्रस्तुत गरिएको छ । जुन निम्नअनुसार छन् :

**तालिका ४.७: उत्तरदाताहरूको बासस्थानको विवरण**

| घरको प्रकार | छात्राहरूको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ढलान घर | २ | २.१ |
| कच्ची टिनको घर | २० | २५.१ |
| भाडामा | ४६ | ५८.४ |
| अन्य | १० | १२.५ |
| जम्मा | ७८ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण २०७४

माथिको तालिकाअनुसार छात्रवृत्ति पाउने छात्राहरूका घरको प्रकार विभिन्न किसिमका छन् । एक तले ढलान घर २ जनाको रहेको छ । जसको प्रतिशत २.१ हुन आउछ । कच्ची टिनको घर २० जनाको रहेको छ । जसको प्रतिशतमा २५.१ हुन आउछ । साथै भाडामा बस्ने ४६ जना अर्थात ५८.३ प्रतिशत रहेको छ र अन्यमा १० जना अर्थात १२.५ प्रतिशत रहेको छ ।

## ४.८ उत्तरदाताहरूको दाजुभाइ पढ्ने विद्यालय

छात्राहरूको दाजुभाइ सरकारी विद्यालय पढ्छन् कि निजी भनेर प्रश्न गर्दा उनीहरूबाट आएको उत्तरको विवरण तल तालिकाबाट प्रष्ट्याइएको छ :

**तालिका ४.८ : उत्तरदाताहरूको दाजुभाई पढ्ने विद्यालयको विवरण**

| उत्तरदाताको दाजुभाई पढ्ने विद्यालय | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सरकारी | ५१ | ९४.४ |
| नीजि | ३ | ५.६ |
| जम्मा | ५४ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७४

माथिको तालिकाअनुसार रेष्टको छात्रवृत्ति प्राप्त छात्राहरूमध्ये ५१ जना छात्राहरूको दाजुभाई सराकरी विद्यालय पढ्ने गरेको पाइयो । जसको प्रतिशतमा ९४.४ हुन आउछ । तीन जना छात्राहरूको दाजुभाई निजी विद्यालय पढ्ने गरेको पाइयो । जसको प्रतिशतमा ५.६ हुन आउछ । उन्नाइस जना छात्राहरूको दाजुभाई नभएको पाइयो । तीन जनाको दाजुभाई पढ्ने उमेरको भएपनि पढ्दैनन् र २ जनाको भाई भने पढ्ने बेला भएको छैन ।

## ४.९ उत्तरदाताको अभिभावकहरूको शैक्षिक अवस्था

घर नै बालबालिकाको पहिलो पाठशाला हो । घरबाट बालबच्चाहरूले आफ्नो बानी, व्यवहार, आचार सिक्ने गर्दछ । घरको वातावरण राम्रो भएमा अवश्य पनि बालबालिकाको चौतर्फी विकासमा टेवा पुग्न सक्छ । अभिभावकको शैक्षिक अवस्थाले बालबालिकाको शिक्षामा प्रभाव पार्दछ । त्यसैले अध्ययनमा क्षेत्रमा रहेका छात्राहरूका अभिभावकहरूको शैक्षिक अवस्थालाई विभिन्न चरणमा विभाजन गरी तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.९: उत्तरदाताका अभिभावकहरूको शैक्षिक विवरण**

| अभिभावकहरूको शैक्षिक स्तर | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | - | - |
| साक्षर | २५ | ३२.२ |
| नि.मा.वि. सम्म | ३८ | ४८.९ |
| मा.वि. | १३ | १६.६ |
| मा.वि. भन्दामाथि | २ | १.१ |
| जम्मा | ७८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७४

माथिको तालिका अनुसार छात्रवृत्ति प्राप्त छात्राहरूको अभिभावकहरू आफ्नो नाम सम्म लेख्न सक्ने २५ जना अर्थात् ३२.२ प्रतिशत रहेको छ । साधारण लेख्न पढ्न पनि जानेका छैनन् आफ्नो बच्चाहरूलाई पढाउन सक्दैन । नि.मा.वि. सम्म पढ्नेको संख्या ३८ जना अर्थात ४८.९ प्रतिशत रहेको छ । मा.वि. सम्म पढ्ने अभिभावकहरूको संख्या १३ जना अर्थात् १६.६ प्रतिशत रहेको छ र मा.वि. भन्दा माथि पास गरेको २ जना अर्थात २.२ प्रतिशत रहेको छ । यसरी हेर्दा सबैभन्दा धेरै नि.मा.वि. सम्म पढेका अभिभावकहरू धेरै रहेको पाइयो ।

# अध्यायः पाँच

# छात्रवृत्तिले छात्राहरूको शिक्षामा पारेको प्रभाव

हाम्रो जस्तो विकासोन्मुख देशका लागि शिक्षाको माध्यमबाट गरिबी निवारण गर्न खासगरी शिक्षाको पहुँच र गुणस्तरका पक्षमा सम्बोधन गर्ने विविध शैक्षिक कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । त्यसमध्ये ग्रामीण स्वास्थ्य र शिक्षा सेवा गुठीको छात्रवृत्ति कार्यक्रम एक हो । विश्वका आधा आकाश ढाकेका महिलाहरू विकासका दृष्टिले निकै पछाडी परेको तथ्य सर्वविदितै छ । समाजको सर्वाङ्गिण विकासको लागि समुदाय भित्रका सबै वर्ग, जातजाति, भाषा, संस्कृति र लिङ्ग आदिको समान रूपमा विकास हुनुपर्छ । नेपालको शैक्षिक तथ्याङ्कलाई हेर्ने हो भने महिला, अपाङ्ग, दलित र पिछडिएको वर्गहरूको शिक्षामा कम सहभागिता देखिएकाले यी वर्गहरूलाई लक्षित गरी सरकारले विभिन्न कार्यक्रमहरू लागु गरी कार्यान्वयनमा ल्याएको छ । त्यसमध्ये छात्रवृत्ति कार्यक्रम एक हो । नेपालको सन्दर्भमा लैङ्गिक भेदभाव अन्त्य गरी सबैलाई शिक्षाको मूल प्रवाहमा समाहित गर्न विभिन्न शैक्षिक योजना र कार्यक्रमहरू लागु गरिएका छन् । त्यस लक्ष्यलाई पुरा गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूले पनि आ-आफ्नो क्षेत्रबाट सक्दो प्रयास र सहयोग गरिरहेका छन् । त्यसमध्ये रेष्ट पनि एक संस्था हो । जसले महिला तथा किशोरीहरूको स्वास्थ्य र शिक्षाको क्षेत्रमा काम गर्दै आइरहेको छ । यस संस्थाले श्री पञ्चमुनीदेव मा.वि.मा छात्राहरूको लागि छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्दै आइरहेका छन् । जसले छात्राहरूलाई स्वास्थ्य र शिक्षाको माध्यमबाट व्यक्तित्व विकास गर्ने कोशिस गरेको छ । हालको नतिजालाई हेर्दा विद्यालय स्तरमा बालबालिकाहरूको शिक्षामा सुधार देखिएपनि अझै ७० हजारभन्दा बढी बालबालिकाहरू प्राथमिक तहको शिक्षाबाट बञ्चित रहेको छ । साथै उच्च शिक्षामा महिलाहरूको पहुँच कम छ । परम्परागत मुल्यमान्यता, घरको दवाब, आर्थिक अवस्था कमजोर, विभिन्न कारणले बालविवाह अझै समस्याको रूपमा रहेको छ । भने आफै सानै उमेर भागेर विवाह गर्ने जस्ता चुनौतीहरू पनि रहेका छन् । त्यसैले पनि महिला शिक्षा र चेतनाको लागि लगानी गर्नुपर्ने आवश्यकता देखिन्छ । बालिकाहरूको विविध समस्याहरूलाई मध्यनजर गर्दै यस श्री पञ्चमुनीदेव मा.वि. मा रेष्टबाट छनौट भएका छात्राहरूले छात्रवृत्ति प्राप्त गरेको छन् । उनीहरूको जीवनमा छात्रवृत्तिले पारेको प्रभाव,

उनीहरूको छात्रवृत्तिप्रति धारणा, साधारण बुझाई, उनीहरूमा आएको परिवर्तन, अभिभावक, शिक्षक वर्ग, विद्यालय व्यवस्थापन समितिहरूको छात्रवृत्ति र छात्रवृत्ति प्राप्त छात्राहरूप्रतिको सामान्य बुझाई, धारणा, छात्रवृत्तिको परिचय, छात्राहरूमा छात्रवृत्ति पाएपछि देखिएको परिवर्तनहरू आदि सम्पूर्ण पक्षहरूको व्याख्या र विश्लेषण गरिएको छ ।

## ५.१ रेष्टको छात्रवृत्तिको परिचय

ग्रामिण स्वास्थ्य र शिक्षा सेवा गुठीले छात्रवृत्ति दिएको १८ अठार जिल्लामध्ये तनहूँ जिल्लामा वि.सं. २०६४ सालमा चार वटा विद्यालयमा चालिस जना छात्राहरूलाई छात्रवृत्ति दिएर सुरु गरिएको कार्यक्रम विस्तार हुदै जाने क्रममा वि.सं. २०७३/२०७४ मा विद्यालय संख्या अठार र विद्यार्थी संख्या ५६४ पुगको छ । यो कार्यक्रम तनहूँ जिल्लाको शक्लागण्डकी न.पा.को अठार विद्यालयमा छ । अठार वटा विद्यालयमध्ये श्री पञ्चमनिदेव मा.वि. एक हो । यो विद्यालय शक्लागण्डकी-४ दुलेगौडामा अवस्थित छ जसमा रेष्टको छात्रवृत्ति पाउने कक्षा १ देखि १० सम्मका छात्राहरूको संख्या जम्मा ७८ जना रहेका छन् ।

### ५.१.१ छात्रवृत्तिका लागि छात्राहरूको छनौटका आधारहरूं

यस छात्रवृत्ति लागि छात्राहरूको छनौटका लागि आफ्नै सिमाहरू रहेका छन् । जुन यस प्रकार रहेका छन् :-

- जो बेचबिखनको जोखिममा पर्न सक्ने सम्भावना छ
- विशेष गरी दलित/जनजाति
- आर्थिक अवस्था कमजोर भएका
- एच्.आई.भी. सङ्क्रमित परिवारका किशोरि तथा बालिकाहरू

ग्रामिण स्वास्थ्य र शिक्षा सेवा गुठीले आफ्नो निर्देशिकामा जे जस्ता छात्रवृत्ति छनौटका सिमाहरू निर्धारण गरेपनि विद्यालय प्राध्यापक, शिक्षक शिक्षिकाहरू, रेष्टबाट राखिएको विद्यालय कक्षा सहयोगी शिक्षिका, शुक्रबारे कक्षा सहयोगी शिक्षिका, अभिभावकहरूको माग, सूचना र सल्लाह, विद्यालय व्यवस्थापन समितिको छलफलबाट विद्यालय व्यवस्थापन समितिले छात्राहरूको छनौट गर्दछ र रेष्टले तयार पारेको व्यक्तिगत विवरण फारम भर्न लगाइन्छ र रेष्टले ती छनौटमा परेका छात्राहरूको घरधुरी सर्वेक्षण, अनुगमन गरी छात्रवृत्ति

दिन आवश्यक देखिएमा मात्र रेष्टले छात्रवृत्ति प्रदान गर्दछ । छात्रवृत्ति प्रदान गर्दा मुख्यतया छात्राहरूको आर्थिक अवस्थालाई ध्यानमा दिइएको हुन्छ ।

## ५.२ उत्तरदाताहरूको शैक्षिक सामग्री वितरण सम्बन्धी धारणा

उत्तरदाताहरूलाई तपाई रेष्टले वितरण गरेको शैक्षिक सामग्रीबाट सन्तुष्ट हुनुहुन्छ वा बाँकी थप भए हुने थियो जस्तो लाग्छ ? भनी प्रश्न गर्दा उनीहरूले हामी रेष्टको शैक्षिक सामग्रीबाट सन्तुष्ट छौं भन्ने जानकारी प्राप्त भएको छ । शैक्षिक सामाग्री वितरणको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१: उत्तरदाताहरूले प्राप्त गर्ने शैक्षिक सामग्रीको वितरण (पहिलो किस्ता)**

| कक्षा | कापी | | पेन | | इरेजर | ज्योमेट्री बक्स | पोशाक | व्याग | सिलाई ज्याला |
|---|---|---|---|---|---|---|---|---|---|
| | सानो | ठूलो | डटपेन | सिसा कलम | | | | | |
| १-३ | १२ | - | - | २० | १० | - | १ जोर | १ वटा | रु. ४०० |
| ४-५ | १६ | - | १० | ५ | ५ | १ | १ जोर | १ वटा | रु. ४०० |
| ६-८ | १६ | १५ | ५ | ५ | १ | १ | १जोर | १ वटा | रु. ४०० |
| ८-१० | - | २२ | २० | ५ | ५ | १ | १ जोर | १ वटा | रु. ४०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

छात्राहरूले वर्षको सुरुवाती महिनामा पहिलो पटक प्राय बैशाखमा पहिलो किस्तामा निम्न शैक्षिक सामग्रीहरू लगायत व्याग, पोशाक, सिलाई ज्याला पाउने गर्छन् । जसमा कक्षा १ देखि ३ सम्मका छात्राहरूले कापी सानो १२ वटा, सिसाकलम २० वटा, इरेजर १० वटा पाउँछन् । कक्षा ४ देखि ५ सम्मका छात्राहरूले कापी सानो १६ वटा, डटपेन १० वटा, सिसाकलम ५ वटा, इरेजर १० वटा ज्योमेट्री बक्स १ वटा पाउँछन् । कक्षा ६ देखि ८ सम्मकाले कपी ठूलो १६ वटा डटपेन १५ वटा, सिसाकलम ५ वटा, इरेजर ५ वटा र ज्योमेट्रि बक्स १ वटा पाउँछन् साथै ८ देखि १० सम्मकाले कापी ठलो २२ वटा, डटपेन २० वटा, सिसाकलम ५ वटा, इरेजर ५ वटा र जोमेट्रि बक्स १ वटा पाउँछन् भने महिनाको शुरुमा प्रत्येकले १ जोर पोशाक, व्याग, सिलाई ज्याला सबैले प्राप्त गर्दछन्

**तालिका ५.२: उत्तरदाताहरूले प्राप्त गर्ने शैक्षिक सामाग्रीको विवरण (दोस्रो किस्तां)**

| कक्षा | कापी | | पेन | | इरेजर | स्वेटर |
|---|---|---|---|---|---|---|
| | सानो | ठूलो | डटपेन | पेन्सिल | | |
| १-३ | १२ | - | - | २० | १० | १ वटा |
| ४-५ | १६ | - | १० | ५ | ५ | १ वटा |
| ६-८ | - | १६ | १५ | ५ | १ | १ वटा |
| ८-१० | - | २२ | २० | ५ | ५ | १ वटा |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

रेष्टले दोस्रो किस्ताको शैक्षिक सामाग्री कार्तिक/मंसिरमा वितरण गर्छ । दोस्रो किस्तामा पोशाक, ब्याग र जोमेट्रिक्स बक्स बाहेक पहिलो किस्तामा जस्तै कापी, पेन, इरेजर र थप प्रत्येक छात्राहरूको लागि स्वेटरको पनि वितरण गरेको छ । भने कक्षा ९ देखि १० कक्षाका छात्राहरूका लागि थप रु.५०० कपी /डटपेनको लागि प्राप्त गर्दछन् । जसले छात्राहरूको शैक्षिक पक्षलाई सहयोग गरेको छ ।

## ५.३ रेष्ट बुलेटिन र नारीस्वरको विवरण र त्यसको प्रभाव

विद्यार्थी छात्राहरूका लागि रेष्टुले शिक्षा स्वास्थ्यका माध्यमबाट बालिकाहरूको व्यक्तित्व विकास गर्ने हेतुले, उनीहरूलाई महिला हिंसा, बेचविखन बालविवाह, स्वास्थ्य सम्बन्धी जानकारी गराउने हेतुले यो बुलेटिन र नारीस्वर पनि वितरण गरिन्छ ।

**तालिका ५.३: रेष्ट बेलुटिन र नारीस्वरको विवरण**

| कक्षा | रेष्ट बुलेटिन | नारीस्वर |
|---|---|---|
| ६-७ | १ | - |
| ९-१० | १ | १ |

स्रोतः स्थलगत सर्वेक्षण ,२०७४

पहिलो किस्तामा शैक्षिक सामग्री वितरण समयमा कक्षा ६ देखि १० सम्मका रेष्टबाट छात्रवृत्ति पाएका छात्राहरू प्रत्येकलाई रेष्ट बुलेटिन १/१ वटा र कक्षा (९ देखि १०) सम्मकालाई १ वटा नारीस्वर वितरण गरिन्छ जसमा शिक्षा, स्वास्थ्य हिंसा, महिलाको

अवस्था, बेचविखन सम्बन्धी जानकारीमूलक लेखकहरू हुन्छन् जुन पढेर बालिकाहरूले केही ज्ञान पाउन् भन्ने हो त्यसैले त्यसभित्रका लेखहरू ६ देखि माथिका कक्षाका छात्राहरूले राम्रो बुझ्न सक्छन् भनी उनीहरूलाई वितरण गरिएको छ । भने नारीस्वर ९ र १० का छात्राहरूका लागि मात्र रहेको छ ।

## ५.४ शुक्रबारे कक्षा सहयोगी शिक्षिका र विद्यालय कक्षा सहयोगी शिक्षिका

श्री पञ्चमुनीदेव मा.वि. मा रेष्टले ३ जना शुक्रबारे कक्षा सहयोगी शिक्षिका र विद्यालय सहयोगी शिक्षिका एक जना गरी ४ जना रहेका छन् । रेष्टबाट छात्रृवत्ति पाएर १२ कक्षा पास गरेर बसेका छात्राहरूबाट नै छनौट भएका हुन्छन् । रेष्ट शिक्षिकाहरूले प्रत्येक शुक्रबार २ घण्टा विहान कक्षा सञ्चालन गर्छन् भने विद्यालय कक्षा सहयोगी शिक्षिका भने विद्यालयमा पनि पठाउने गर्नुहुन्छ । शुक्रबारको दिन २ घण्टामा कक्षा (२ देखि १०) सम्मका छात्राहरूलाई फरक फरक ४ ग्रुप बनाई पढाउने गरेको पाइयो । त्यस समयमा छात्राहरूलाई रेष्ट बुलेटिनमा भएका, नारी स्वरमा भएका विषयमा पढाउने र त्यसैबाट छात्राहरूलाई प्रश्न गर्ने गरेको साथै उनीहरूले विषयगत नजानेका विषयवस्तु शुक्रबारे कक्षा शिक्षिकाहरूलाई सोध्ने व्यवस्था मिलाएको छ । रेष्टले पहिलो किस्ताको शैक्षिक सामग्री वितरण र दोस्रो किस्ताको शैक्षिक सामग्री वितरणपछि अनुगमन र मूल्याङ्कन गर्छ । वर्षको दुईपटक अनिवार्य अनुगमन र मूल्यांकन गर्ने र विद्यालय कक्षा सहयोगी शिक्षिका, शुक्रबारे कक्षा सहयोगि शिक्षिकाले पनि मासिक रिर्पोट तयार गरी रेष्टलाई बुझाउनुपर्ने हुन्छ । यसरी रेष्टले आफ्नो छात्राहरूको निरन्तर मूल्यांकन र अनुगमन गर्छन् । छात्रवृत्ति निरन्तर प्राप्त गर्न छात्राहरूमा नियमित विद्यालय आउनुपर्ने, शुक्रबारे कार्यक्रममा सहभागी हुनुपर्ने र त्यसको लेखाजोखा शुक्रबारे शिक्षिका र विद्यालय कक्षा सहयोगि शिक्षिकाले गरि निरन्तर रेष्टलाई रिपोर्ट गरिरहनुपर्ने हुनाले पनि छात्रवृत्ति कार्यक्रम प्रभावकारी रहेको पाइयो ।

## ५.५ उत्तरदाताहरूको अनुसार छात्रवृत्ति पाएको समयअवधि विवरण

छात्राहरूले रेष्टको छात्रवृत्ति कसैले एक वर्ष पहिलेदेखि, कसैले दुईवर्ष पहिलेदेखि कसैले सोभन्दा धेरै समयदेखि प्राप्त गरिरहेका छन् । त्यसैले छात्राहरूलाई यस कार्यक्रमको बारेमा धेरै जानकारी छ भने कसैलाई थोरै समयमा पनि धेरै जानकारी पाएका छन् । कति जनाले,

कति समय वा कतिवर्षदेखि छात्रवृत्ति प्राप्त गरिरहेका छन् । भन्ने कुरा तलको तालिकामा देखाइएको छ ।

**तालिका ५.४: छात्रवृत्ति पाइरहेका उत्तरदाताहरूको समयअवधि विवरण**

| समय अवधि (वर्षमा) | छात्राहरूको संख्या | प्रतिशत |
|---|---|---|
| १-३ | ४१ | ५२.१ |
| ४-६ | २७ | ३४.४ |
| ७-१० | १० | १२.५ |
| जम्मा | ७८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७४

माथिको तालिका अनुसार छात्रवृत्ति पाएको कति समय भयो ? कति कक्षाबाट छात्रवृत्ति प्राप्त गर्नुभयो भन्ने प्रश्नको उत्तरमा १ देखि ३ वर्ष भयो भन्ने छात्राहरूको संख्या ४० जना रहेको छ जसको प्रतिशतमा ५२.१ हुन आउछ । ४ देखि ६ वर्ष समय भयो भन्ने छात्राहरूको संख्या २७ जना अर्थात ३४.४ प्रतिशत रहेको र ७ देखि ८ वर्ष भयो भन्ने छात्राहरूको संख्या १० जना अर्थात १२.५ प्रतिशत रहेको छ ।

## ५.६ उत्तरदाताहरूले पढाइ पश्चात पाउन खोजेको लक्ष्य

शिक्षा जीवनको अपरिहार्य आवश्यकता हो । यसमा विभिन्न पक्षको अध्ययन गरिन्छ । शिक्षामा आवश्यकताहरूको खोजी गरिन्छ । मानिस शिक्षित भएपछि जीवनमा केही गर्ने लक्ष्य हुन्छ । मानिसहरूको अनुसार फरक फरक विचारहरू हुन्छन् । धेरै मात्रामा मानिसहरू शिक्षित भएपछि जागिर खाने भन्नेको बहुमत बढी पाइन्छ । त्यसैले पढेर के गर्ने विचार छ भनेर सोध्दा उनीहरूले निम्न उत्तर दिएका छन् । जसलाई तालिका प्रस्तुत गरिएको छ ।

**तालिका ५.५: उत्तरदाताहरूले पढाइ पश्चात रोजेको लक्ष्य**

| पढाइपछिको विचार | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| जागिर गर्ने | ७१ | ९३.७ |
| व्यवसाय गर्ने | २ | २.१ |
| विदेश जाने | ३ | ३.२ |
| जम्मा | ७८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७४

तालिका अनुसार रेष्टको छात्रवृत्ति प्राप्त छात्राहरूलाई पढाइ पछि के गर्न चाहनुहुन्छ भन्ने प्रश्न गर्दा जागिर गर्न चाहन्छु भनेको संख्या सबैभन्दा धेरै रहेको छ । जसमा ७१ जना अर्थात ९३.७ प्रतिशत रहेको छ । व्यवसाय गर्न चाहन्छु भन्नेमा २ जना अर्थात २.१ प्रतिशत रहेको छ त्यस्तै विदेश जान मन छ भन्नेमा ३ जना अर्थात ३.२ प्रतिशत रहेको पाइयो ।

## ५.७ छात्रवृत्ति पाएपछि छात्राहरूमा देखिएको परिवर्तन

छात्रवृत्ति पाएपछि छात्रहरूको शिक्षा, स्वास्थ्य, सरसफाई, बोल्ने बानीको विकास भएको विद्यालयका शिक्षक, शुक्रबारे शिक्षिका, विद्यालय सहयोगी शिक्षिका, अभिभावकहरू बताउनुहुन्छ । यसलाई तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका ५.६: छात्रवृत्ति पाएपछि छात्राहरूमा देखिएको परिवर्तन**

| छात्राहरूमा आएको परिवर्तन | संख्या | प्रतिशत |
|---|---|---|
| शिक्षामा सुधार | २५ | ३२.१ |
| सरसफाई र स्वास्थ्यमा सुधार | २२ | २८.२ |
| बोल्ने बानीको विकास | २० | २५.६ |
| माथिको सबै | ११ | १४.१ |
| जम्मा | ७८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७४

माथिको तालिका अनुसार छात्रवृत्ति पाएपछि छात्राहरूले शिक्षामा सुधार गर्नेहरू २५ जना अथवा ३२.१ प्रतिशत रहेको छ । स्वास्थ्य र सरसफाईमा सुधार गर्नेहरू २२ जना अर्थात २८.२ रहेको छ । बोल्ने बानीको विकास भएको भन्नेमा २० जना अर्थात २५.६ प्रतिशत रहेको छ र माथिको सबै कुरामा परिवर्तन देखिन्छ भन्नेमा ११ जना अर्थात १४.१ प्रतिशत रहेको छ ।

## ५.८ पोषण, स्वास्थ्य र सरसफाईप्रति चेतना

उत्तरदाताहरूले छात्रवृत्ति पाएपछि शुक्रबारे कार्यक्रममा सहभागी हुने मौका, रेष्टबाट प्रकाशित विभिन्न स्वास्थ्य, पोषण, सरसफाई सम्बन्धी हाते पुस्तिकाहरू, ब्राउसरहरू र पछाडि भागमा पोषणयुक्त खानेकुराहरूको विवरण भएको कपी पाएका छन् जसबाट छात्राहरूले पैसा पर्ने बजारमा तयारी (प्याकिङ्ग) खानेकुरा देख्दा राम्रा भएपनि स्वास्थ्यका लागि हानिकारक हुन्छ त्यस्ता चिजहरू सकभर नखाने विषयमा जानकारी पाएका छन् । सधै शौचालयको प्रयोग गर्ने, हात धुने तालिम पाएका छन् आफू सफा रहने र परिवारका सदस्यहरूलाई पनि सफा रहन जानकारी दिएको देखिन्छ यसरी छात्राहरूले छात्रवृत्ति पाएपछि विद्यालयका विषयगत विषयवस्तु लगायत आफ्नो पोषण, स्वास्थ्य, सरसफाईमा समेत सचेत भएको देखिन्छ ।

## ५.९ उत्तरदाताहरूलाई लेखपढका लागि सहयोग गर्ने पात्रहरू

रेष्टबाट छात्रवृत्ति पाएका छात्राहरूलाई लेखपढका लागि कसले सहयोग गर्नहुन्छ ? वा नजानेका विषयगत विषयवस्तुमा को सँग साधेर आफ्नो समस्याको समाधान गर्ने गरेको छ ? भनी सोध्दा छात्राहरूले आफ्नो आमा, बाबा, दाजभाई, दिदिबहिनी, विद्यालय कक्षा शिक्षक/शिक्षिका, रेष्ट विद्यालय वा शुक्रबारे कक्षा सहयोगी शिक्षिकाहरूबाट सहयोग लिने गरेको पाइयो । जसलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ५.७: उत्तरदाताहरूलाई लेखपढका लागि सहयोग गर्ने पात्रहरू**

| सहयोग विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| आमा | ४ | ५.२ |
| बबा | ९ | ११.५ |
| दाजुभाई | १४ | १७.७ |
| दिदिबहिनी | ८ | १०.४ |
| विद्यालय कक्षा शिक्षक/ शिक्षिका | १९ | २४.९ |
| रेष्टको विद्यालय वा शुक्रबारे कक्षा सहयोगी शिक्षिका | २४ | ३०.२ |
| जम्मा | ७८ | १०० |

सोतः स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार उत्तरदाताहरूले पढ्नमा आमाले सहयोग गर्नुहुन्छ भन्नेको संख्या ४ जना रहेको छ । जसको प्रतिशतमा ५.२ हुन आउछ । बुबाको सहयोग लिने गरेको छु भन्नेहरूको संख्या ९ जना रहेको छ । जसको प्रतिशतमा ११.५ हुन आउछ । दाजभाईबाट सहयोग लिने गरेको छु भन्नेहरूको संख्या १४ जना रहेको छ । जसको १७.७ प्रतिशत हुन आउछ । दिदिबहिनिको सहयोग लिने गरेको छु भन्नेहरूको संख्या ८ जना रहेको छ जसको प्रशितमा १०.४ हुन आउछ । विद्यालय शिक्षक शिक्षिकाबाट सहयोग लिने गरेको छु भन्नेहरूको संख्या १९ जना रहेको छ । जसको प्रतिशतमा २४.९ हुन आउछ । त्यसैगरी रेष्ट विद्यालय वा शुक्रबारे कक्षा सहयोगी शिक्षिकाबाट सहयोग लिने गरेको छु भन्नेहरूको संख्या २४ जना रहेको छ । जसको प्रतिशतमा ३०.२ हुन आउछ । छात्रवृत्ति प्राप्त छात्राहरूले सबैभन्दा बढि सहयोग रेष्ट विद्यालय वा शुक्रबारे कक्षा शिक्षिकाहरूबाट लिने गरेको पाइयो । छात्राहरू रेष्ट शिक्षिकाहरूसगँ नहिच्काइकन आफ्नो समस्याहरू बताउने गरेको पाइयो ।

## ५.१० छात्रवृत्तिप्रतिको साधारण बुझाई र धारणा

विद्यालय व्यवस्थापन समितिका अनुसार हाम्रो समाजमा पितृसत्तात्मक सोच व्याप्त छ । त्यसको प्रभाव समाजमा देख्न सकिन्छ । समाजमा अझैमा पनि कुनै न कुनै रूपमा छोराछोरीबीच भेदभाव रहेको छ । त्यसबाट  शैक्षिक क्षेत्र अछुतो रहन सकेको छैन । हाम्रो विद्यालयमा शुक्लागण्डकी नगरपालिकाका सबै वडाहरूबाट विद्यार्थी पढ्न आउँछन् । यस विद्यालय वि.सं. २०२७ सालमा स्थापना भई निरन्तर रूपमा सञ्चालनमा छ । यहाँ रेष्टको छात्रवृत्ति कार्यक्रम विगत १० वर्षदेखि सफल रुपमा सञ्चालन भैरहेको छ । हाम्रो विद्यालय पृथ्वी राजमार्ग नजिकै भएको र यो ठाउँ नगरउन्मुख क्षेत्र भएको कारण रोजगारीको लागि अवसर खोज्न, बालबच्चाहरू पढाउन बसाइसराई आउनेहरूको लागि आकर्षक थलो बनेको छ । आर्थिक रूपमा सम्पन्न परिवारका छोराछोरीहरू प्राय नीजि विद्यालयमा पढ्छन् । नीजि विद्यालय पढाउन नसक्ने प्रायले सरकारी विद्यालय रोज्ने गरेका छन् । सरकारले विद्यालय शिक्षा निशुल्क भने पनि विद्यालयको आवश्यक शैक्षिक सामग्री जुटाउन नसक्ने, काम नगरी खान नपुग्ने जस्ता यावत समस्याहरूले गर्दा विद्यार्थीहरू पढ्न छाड्ने गर्दछन् भने अभिभावकहरूमा गरिबी, अज्ञानता, शिक्षाको महत्व नबुझ्दा पनि यस्तो समस्या सिर्जना भएको पाइन्छ । हाम्रो समाजमा छोरीलाई नपढाउने, छोरालाई सकी नसकी भएपनि नीजि विद्यालय पढाउने, छोरीलाई सरकारी विद्यालय पढाउने गरेको पाइन्छ । कुनै बालबच्चाहरू भने पढ्न मन नगर्ने चुनौतीहरू पनि रहेका छन् । प्राय आर्थिक अवस्था नाजुक भएका, जनजाति, दलित, मुस्लिम समुदायका छोरीहरू धेरै नपढ्ने, छिटो विवाह गर्ने, पढ्न छाड्ने, विद्यालय नियमित नआउने जस्ता विविध समस्याहरू देखिन्छन् । तिनै विविध पक्षहरूलाई मध्य नजर गरी रेष्टले सरकारी विद्यालयका गरिब छात्राहरूलाई लक्षित गरी छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्दै आएको छ । त्यस्तै समस्याहरूले गर्दा हाम्रो विद्यालयले  रेष्टलाई सहयोगको लागि अनुरोध गऱ्यो । सुरुमा २०६४ सालमा १० जना छात्राहरूबाट छात्रवृत्तिमा सुरु गरेको रेष्टले अहिले ७८ जना छात्राहरूलाई छात्रवृत्ति दिइरहेको छ ।

अहिलेसम्म रेष्टबाट छात्रवृत्ति पाएका छात्राहरूले छात्रवृत्ति पाएपछि कुनै पनि कक्षा दोहोऱ्याएका छैनन् । बरु केहीले सानोमा विवाह गरेको रेकर्ड छ । विवाह गरे भने किन गरे कसरी विवाह भयो भनेर रेष्टले सोधखोज गर्छ । विद्यालयमा नियमित उपस्थिति नभएमा, शुक्रबारे कार्यक्रममा सहभागी नभएमा सोधखोज हुनेगर्दछ । महिनाको एकपटक अभिभावक

भेला पनि हुने गर्दछ । त्यसकारण पहिलेको तुलनामा अभिभावकहरू र छात्राहरू दुवै पक्षले शिक्षामा चासो राख्ने र शिक्षाप्रति सचेत भएको बताउनुहुन्छ ।

विद्यालय प्रधानाध्यापकका अनुसार रेष्टको छात्रवृत्ति नेपाल सरकारको सानो रकमको छात्रवृत्तिभन्दा कैयौं गुणा प्रभावकारी छ । जि.शि.का.ले दिने गरेको सानो रकमको छात्रवृत्ति थोरै संख्याको लागि आउँछ । विद्यार्थी धेरै छन् कसरी कसलाई दिने समस्या हुने गर्दछ । हाम्रो विद्यालयमा रेष्टको छात्रवृत्ति कार्यक्रम ल्याएपछि जि.शि.का.बाट आउने छात्रवृत्ति रेष्टबाट छात्रवृत्ति पाउने छात्राहरूबाहेकलाई दिन सहज भएको छ । गरिबी र अज्ञानताको कारण छोरीचेली बेचिन पुगेकोले छोरीहरूलाई विद्यालय शिक्षामा समाहित गर्न तथा छात्राहरूको शिक्षामा निरन्तरताको लागि रेष्ट संस्थाको भूमिका अमूल्य रहेको उहाँ बताउनुहुन्छ ।

रेष्ट शिक्षिकाहरू बताउनुहुन्छ - रेष्टले छात्राहरूको शिक्षामा सहयोग गरेको छ । छात्राहरू कपिकलम, ड्रेस लगायत आवश्यक शैक्षिक सामग्री जुटाउन नसकी विद्यालय छोड्ने अवस्थामा पुगेकाहरूलाई विद्यालय आउने वातावरणको सिर्जना गरिदिएको छ । त्यतिमात्र नभई उनीहरूलाई कोचिङ्ग ट्यूसन, दुई घण्टा शुक्रबारे कार्यक्रमको पनि व्यवस्था गरेको छ । राम्रो अंक ल्याई विद्यालय तहको कक्षा उत्तिर्ण गरेमा उच्च शिक्षाको लागि पनि छात्रवृत्ति प्रदान गर्ने साथै उत्कृष्ठ अंक ल्याउनेका लागि जागिरको पनि व्यवस्था रहेको छ । हामी पनि रेष्टको छात्रवृत्ति पाई +२ पास गरी रेष्टबाट शिक्षिका भएको उहाँहरू बताउनुहुन्छ ।

अभिभावकहरू बताउनुहुन्छ- छात्रवृत्तिका कारण हाम्रो छोरीहरू विद्यालय पढ्न पाएका छन् । छोरीहरू पढ्यो भने आफ्नो खुट्टामा उभिन सक्ने रहेछन् । सानो उमेरमा विवाह गर्नु कानुन विपरित रहेछ । नियमित विद्यालय उपस्थित नभएमा कक्षा दोहोर्‍याएमा छोरीहरूले छात्रवृत्ति नपाउने कारण नियमित विद्यालय पठाउने गरेको उहाँहरू बताउनुहुन्छ । छोराछोरी दुवैलाई पढाउने चाहना हुँदाहुँदै पनि पढाउन नसक्ने कारण विद्यालय पठाउन समस्या भएको बताउनुहुन्छ । त्यसैले छात्रवृत्ति छोरीहरूको लागि मात्र नभई छोराहरूको लागि पनि भए हुन्थ्यो भन्ने अभिभावकहरूको भनाई छ ।

## ५.११ वैयक्तिक अध्ययन

**वैयक्तिक अध्ययन १**

सुस्मा वि.क. (**नाम परिवर्तन**) ११ वर्षीया छात्रा हुन् । उनी पञ्चमुनीदेव मा.वि. मा कक्षा ६ मा अध्ययनरत छिन् । उनको घर शुक्लागण्डकी नगरपालिका वडा नं. ४, सेरा भन्ने ठाउँमा पर्छ । सुस्माको घरमा बाबाआमा, बहिनी र उनी गरी चारजनाको सानो परिवार छ । उनलाई घरबाट विद्यालय पुग्न लगभग ४५ मिनेट लाग्छ । सुस्माको बाबा विरामी भएको १० वर्ष भयो र आमा विरामी भएको ३ वर्ष भयो । उहाँहरू विरामी भएको कारण केही काम गर्न सक्नुहुन्न । बाबा आमा दुवै विरामी भएपछि घरको आर्थिक अवस्था कमजोर भई खान, बस्न पनि धौंधौं भयो । अहिले खाना चाहि मामा फुपु र छिमेकीहरूले पालैपालो पुऱ्याउँदै आइरहनुभएको छ । बुबाआमा पनि काम गर्न नसक्ने अवस्थामा भएपछि उनलाई विद्यालय पढ्न जान समस्या भएको थियो । सुस्माको ओइलेनी जग्गामा सानो झुपडी घर छ । खेती गर्ने ठाउँ पनि छैन । उनको बहिनी पनि हाल कक्षा ४ मा रेष्टको सहयोगमा पढ्दै आएकी छिन् भने सुस्माले दुई कक्षाबाट रेष्टको छात्रवृत्ति पाएकी हुन् । सुस्माको आर्थिक स्थिति कमजोर र लगनशील छात्रा भएकोले उनलाई रेष्टले छात्रवृत्ति प्रदान गऱ्यो । छात्रवृत्ति पाएपछि सुस्मा नियमित विद्यालय आउने र शुक्रबारे कार्यक्रम पनि कहिल्यै नछुटाउने उनी बताउँछिन् । शुक्रबारे दुई घन्टे कार्यक्रममा हप्ताभरि विद्यालयमा पढेर नबुझेका विषयवस्तु साथै बालविवाह, बालहिंसा, पोषणयुक्त खाना, बेचविखन, सरसफाई सम्बन्धी छलफल हुने कुरा उनी बताउँछिन् । उनी भन्छिन् "रेष्टले छात्रवृत्ति नदिएको भए म र मेरो बहिनी विद्यालय पढ्न पाउने थिएनौं ।"

## वैयक्तिक अध्ययन २

अन्जु भण्डारी (**नाम परिवर्तन**) कक्षा ९ मा पढ्दै छिन् । अन्जुको घरमा तिन जनाको सानो परिवार छ । जसमा उनी, आमा र दाई हुनुहुन्छ । अन्जुको बाबा अन्जु सानो हुँदा नै वित्नु भएको हो । बाबा बितेपछि अन्जुको आमा बजार झर्नुभयो । तर बजार झरेपछि बस्न, खान, छोराछोरी पढाउन समस्या भयो । दाई र अन्जु दुवै जना पञ्चमुनीदेव मा.वि.मा एउटै कक्षामा पढ्छन् । उनले २०६९ सालदेखि रेष्टको छात्रवृत्ति पाइरहेकी छिन् । त्यतिबेला उनी कक्षा ४ मा पढ्दै थिइन् । उनीहरूको आम्दानीको स्रोत केही पनि नभएकाले आमाले सानो होटल खोल्नुभयो । त्यही होटल अहिले उनीहरूको जिउने आधार भएको छ । होटलबाट महिनामा १०/१२ हजार जति कमाई हुन्छ । यति पैसाले २ वटा कोठाको घरभाडा रु. ६००० ।- र घरखर्च चलाउन अप्ठ्यारो पर्दछ उनी बताउँछिन् । उनको कक्षा १२ सम्म पढ्ने इच्छा रहेको छ र स्वास्थ्य क्षेत्रमा काम गर्ने उनको लक्ष्य रहेको छ । अन्जुको जानकारी रेष्टमा विद्यालयको सरले दिनुभएको हो । अन्जु विरामी हुँदा र आमा घरमा नभएको बेला बाहेक अरु दिन विद्यालय आउँछिन् । अन्जुले रेष्टको छात्रवृत्ति पाउँदा उनीहरूको होटल थिएन । आमाले ज्याला मजदुरी गर्नु हुन्थ्यो । रेष्टको अभिभावक भेलामा सहभागी भएपछि आमालाई पनि केहि गर्नुपर्छ  भन्ने साहस आयो र सानो रकममा होटल खोल्नुभयो । रेष्टले उनलाई आवश्यक शैक्षिक सामग्री ड्रेस, व्याग, मात्र उपलब्ध नगराएर आमालाई पनि छोरीलाई विद्यालय पढाउनुपर्छ, आत्मनिर्भर हुनुपर्छ भन्ने कुरा पनि सिकाएको उनी बताउँछिन् । र कक्षामा नबुझेका विषयहरूमा आफ्नो शुक्रबारे शिक्षिकासँग सोध्ने गर्छिन् । सुस्मा र उनको दाई एउटै कक्षामा पढ्ने हुँदा एकआपसमा छलफल गरी पढ्न सजिलो भएको उनी बताउछिन् र आर्थिक अवस्था राम्रो भएको भए बोर्डिङ्ग स्कुल पढ्थे होला भनेर उनी बताउछिन् । बोर्डिङ्ग स्कुल पढ्न नपाएपनि सरकारी विद्यालयमा रेष्टको सहयोगमा पढ्न पाएको छु उनी बताउँछिन् ।

## वैयक्तिक अध्ययन ३

सविना तामाङ्ग (नाम परिवर्तन) कक्षा १० मा अध्ययनरत १७ वर्षीय छात्रा हुन् । उनको जन्म धादिङ्ग जिल्लाको तिपलिङ वडा नं.-६ मा भएको हो जुन एकदम दुर्गम गाउँ पर्छ । उनको घरमा बाबा आमा, हजुरआमा, ३ वटा दिदी हुनुहुन्छ । घरको आर्थिक अवस्था नाजुक भएको कारण ठूली दिदीको सानै उमेरमा विवाह गरिदिनुभयो र पढ्न पनि पाउनुभएन । ठूली दिदीको घर यही तनहुँ जिल्ला, शुक्लागण्डकी नगरपालिका १, हलेदीमा छ र सविना पनि दिदिसँगै दिदीको घरमा बस्छिन् । साइली दिदी कक्षा १० मा पढ्दा पढ्दै विवाह गरेर जानुभयो । सुविनाको धादिङमा एउटा सानो घर र थोरै बारी छ । जहाँ उब्जाएको अन्नवालीले २ महिना पनि खान पुग्दैन । बाबाआमाको हातमा सिप पनि छैन, ज्यालामजदुरी गर्न पनि शहर नै झर्नूपर्ने बाध्यता छ । गरी खाने जग्गा जमिन पनि नभएको हुँदा खान पनि समस्या थियो । त्यसकारण ठूली दिदीले आफ्नो घरमा ल्याउनु भयो र श्री पञ्चमुनी देव मा.वि. कक्षा १ मा भर्ना गरिदिनुभयो र कक्षा २ बाट रेष्टको छात्रवृत्ति निरन्तर रुपमा पाइरहेकी छिन् । घरको आर्थिक अवस्था नाजुक भएकोले दिदीको घरमा बस्दै आएको कुरा विद्यालयको शिक्षकले रेष्टलाई जानकारी दिनुभयो र रेष्टको छनौटमा परिन् । घरको आर्थिक अवस्था कमजोर भएपछि सविनाको माइली दिदी विदेश जानुभयो । दिदीको पढाइ पनि नभएको र हातमा सिप पनि नभएको कारण कमै राम्रो छैन उनी बताउँछिन् । माइली दिदीले इराकबाट केही पैसा पठाउनुहुन्छ त्यही पैसाले बाबाआमाले घरखर्च जसोतसो चलाउनुहुन्छ । सविनाले भविष्यमा एक असल शिक्षक बन्ने सपना राखेकी छिन् । सविना एक असल जेहेन्दार र गरीब छात्रा भएकोले रेष्टको छात्रवृत्ति पाएको र उनी पढ्नमा लगनशील मेहेनती छात्रा भएको उनको कक्षा शिक्षक बताउनुहुन्छ । सबिनाले रेष्ट बुलेटिन पढेर किशोरी शिक्षा कति आवश्यक छ भन्ने कुराको ज्ञान पाएको कुरा बताउछिन् । अशिक्षित भएमा विदेशी भुमिमा बेचिनसमेत पुगिदोरहेछ । त्यति मात्र नभएर त्यहाँ यौन शोषण समेत हुँदो रहेछ जसले गर्दा एच.आइ.भी. जस्तो प्राणघातक रोग लाग्ने रहेछ । पछि स्वदेश फर्किएपछि समाज र घरपरिवारले पनि अपहेलना गर्ने रहेछन् भन्ने कुरामा उनी सचेत छिन् । यस बारेमा उनले अरु साथीहरूलाई पनि बताउने गरेको र पाएको रेष्ट बुलेटिन, नारीस्वर साथीहरूलाई पढ्न दिने गरेको कुरा उनले गरिन् । अनुउत्तीण भएमा रेष्टबाट छात्रवृत्ति नपाउने कारणले पनि उनी मेहनत गरेर पढ्ने गरेको बताइन् । उनलाई रेष्टले छात्रवृत्ति नदिएको भए कि त सानै उमेरमा विवाह गर्नुपर्दथ्यो कि त दिदीहरूजस्तै विदेशिनु पर्ने थियो भनी उनी बताउँछिन् ।

# अध्याय छ
# सारांश, निष्कर्ष र सुझाव

## ६.१ सारांश

यो शोधपत्र "छात्रवृत्तिले छात्राहरूको शिक्षामा पारेको प्रभाव" शिर्षक अन्तर्गत एक समाजशास्त्रीय अध्ययन हो । यो अध्ययन तनहुँ जिल्लाको शुक्लागण्डकी नगरपालिका ३, दुलेगौडामा अवस्थित श्री पञ्चमुनीदेव मा.वि. मा ग्रामीण स्वास्थ्य र शिक्षा सेवा गुठीको माध्यमबाट 'American Himalayan Foundation' को सहयोगमा छात्रवृत्ति प्राप्त २ देखि १० सम्मका जम्मा ७८ जना छात्रामा आधारित रहेको छ । पञ्चमुनीदेवमा कक्षा (१-१०) सम्मका छात्राहरू ९९५ जना छन् । त्यसमध्ये रेष्टबाट छात्रवृत्ति पाएका छात्रा ७८ जनालाई समग्र अध्ययन विधिको माध्यमबाट छनौट गरि यो शोधपत्र तयार पारिएको छ ।

यस अनुसन्धानका उद्देश्यहरू निम्न छन् :

१) छात्राहरूको सामाजिक, आर्थिक पक्षको विश्लेषण गर्ने ।

२) रेष्टको छात्रवृत्ति कार्यक्रमले छात्राहरूको शिक्षामा पारेको प्रभावको अध्ययन गर्ने ।

आर्थिक अवस्था कमजोर भएका छात्राहरूलाई मात्र छात्रवृत्ति प्रदान गरिएको पाइयो । छात्राहरूको अभिभावकको पेशा नोकरी, व्यवसाय, कृषि र ज्यालामजदुरी रहेको पाइयो । नोकरी पनि निम्न स्तरको, खानलाउन समेत समस्या हुने पेशा गरेको पाइयो । नोकरी गर्दा अफिसमा तल्लो स्तरको काम गर्ने, सबारी चालक, वैदेशिक रोजगारमा गएको पाइयो । दुई जनाको परिवारले व्यवसाय गरेको पाइयो । जसमा एकजनाको सानो होटल, एकजनाको धागो पसल भएको पाइयो । आफ्नो गरी खाने जग्गा जमिन नभएपनि अरूको जग्गा जमिन अधिया कमाएर खाने गरेको पाइयो र धेरै जसोले ज्यालामजदुरी गरि आफ्नो जिविका चलाउने गरेको पाइयो ।

- छात्रवृत्ति पाउने छात्राहरू ब्राह्मण, क्षेत्री, गुरुङ्ग, मगर, राई, तामाङ्ग, दलित र मुश्लिम रहेको पाइयो । विशेष गरी जनजातिका छात्राहरूले बढि मात्रामा छात्रवृत्ति पाउने गरेको अनुसन्धानका क्रममा देखिएको छ ।

- छात्रवृत्ति प्राप्त छात्राहरूको परिवारको आकार संयुक्त र एकल दुवै खाले पाइयो तर वृहत परिवार भने कसैको पनि पाइएन जसमा संयुक्त परिवार हुने छात्राहरू बढी रहेको पाइयो ।
- छात्रवृत्ति पाउने छात्राहरूमा धेरैको आफ्नो घर नभएको कारण भाडामा बसेको पाइयो । घर हुनेहरूको पनि कच्चि टिनको र खरको रहेको र भुकम्पले भत्किएको, आफन्तको घरमा बस्ने गरेको पाइयो भने २ जनाको मात्र एकतले ढलान घर भएको पाइयो ।
- छात्राहरूको दाजुभाइ आर्थिक अवस्था राम्रो नभएको कारण धेरैजसो सरकारी विद्यालय पढ्छन् । त्यसो हुँदाहुँदै पनि तिनजना छात्राहरूको दाजुभाइ निजी विद्यालयमा पढ्ने गरेको पाइयो ।
- छात्राहरूको परिवारमा हिन्दु, बौद्ध, मुश्लिम, क्रिश्चियन धर्म मान्ने गरेको पाइयो । जसमा हिन्दु धर्म मान्नेहरू सबैभन्दा धेरै रहेको पाइयो ।
- छात्राहरूको अभिभावकहरूको पढाई नि.मा.वि. सम्म सबैभन्दा धेरै रहेको पाइयो । त्यसपछि साक्षर रहेको पाइयो । मा.वि. भन्दा धेरै पढ्ने जम्मा २ जना मात्र रहेको पाइयो । अभिभावकहरूको शैक्षिक अवस्था कमजोर भएको कारण अभिभावकहरू आफ्नो बच्चाहरूलाई आफै पढाउन नसक्ने रहेको पाइयो ।
- छात्राहरू छात्रवृत्तिबाट सन्तुष्ट भएको पाइयो । छात्राहरूको लागि आवश्यक शैक्षिक सामग्री साथै कोचिङ्ग वा ट्यूसन कक्षाको पनि व्यवस्था भएको पाइयो । साथै उनीहरूको सहयोगको लागि विद्यालय कक्षा सहयोगी शिक्षिका र शुक्रबारे कक्षा सहयोगी शिक्षिकाको पनि व्यवस्था भएको पाइयो ।
- छात्राहरू कसैले भर्खर छात्रवृत्ति पाएको एक वर्षमात्र भएको छ भने कसैको नौवर्षसम्म पनि भएको पाइयो । सबैभन्दा धेरै १ देखि ३ वर्ष हुनेहरूको संख्या सबैभन्दा बढी छ ।
- छात्राहरू पढाइ पश्चात जागिर खान चाहनेको बढी बाहुल्यता पाइयो भने व्यवसाय गर्न चाहने जम्मा २ जना र विदेश जान चाहने जम्मा ३ जना रहेको पाइयो ।

## मुख्य प्राप्तिहरू

- यस अध्ययनमा रहेको उत्तरदाताहरूमध्ये सबैभन्दा बढी जनजातिले ४१.७ प्रतिशतले छात्रवृत्ति पाएको पाइयो ।
- अभिभावकहरूको शैक्षिक अवस्था सबैभन्दा बढि नि.मा.वि.सम्म ४८.९ प्रतिशत पाइयो ।
- अभिभावकहरू धेरैले ज्यालामजदुरी गरी घर चलाउने ४१.६ प्रतिशत रहेको पाइयो ।
- छात्रवृत्ति पाउने छात्राहरू सबैभन्दा धेरै ९ वर्षदेखि १४ वर्ष उमेर समूहका ३६ जना अर्थात ४६.४ प्रतिशत रहेको पाइयो ।
- छात्राहरू अधिकांश पढाइपछि जागिर गर्न चाहनेको संख्या धेरै पाइयो । जसमा ९३.७ प्रतिशत रहेको पाइयो ।
- छात्रवृत्ति प्राप्त गरेपछि छात्राहरू नियमित विद्यालय आउन थालेको, शिक्षामा सुधार आएको, चेतनशील भएको पाइयो ।
- छात्राहरूलाई रेष्ट बुलेटिन, नारीस्वर, शुक्रबारे कक्षा सहयोगी शिक्षिकाले शिक्षा र स्वास्थ्यको माध्यमबाट व्यक्तित्व विकासमा सहयोग गरेको पाइयो ।
- छात्रवृत्ति प्राप्त छात्राहरू आफ्नो साथीहरू विद्यालय आएनन् भने किन आएनन् भनेर सोधखोज गर्ने, घरमा गएर उसको अवस्था बुझ्ने, सम्झाउने बुझाउने गरेको पनि पाइयो ।
- छात्राहरू आफ्नो शिक्षामा मात्रमा सचेत नभइ स्वास्थ्य, पोषण, सरसफाइ लगायत बालविवाह, हिंसा, बेचविखन जस्ता कुराहरूमा पनि सचेत रहेको पाइयो ।
- शुक्रबारे कार्यक्रममा सहभागी भएपछि छात्रवृत्ति प्राप्त विद्यार्थीहरू अन्य विद्यार्थीको तुलनामा बोल्न नहिच्किचाउने स्वाभावका भेटिए ।
- छात्राहरूले कक्षामा नबुझेको विषयमा आफ्नो कक्षा सहयोगी शिक्षिकालाई सोध्ने आफ्नो समस्या जे भएपनि रेष्ट शिक्षिकाहरूलाई खुलेर बताउने गरेको पाइयो ।

## ६.२ निष्कर्ष

अनुसन्धानको क्रममा छात्रवृत्ति प्राप्त छात्राहरूको सामाजिक आर्थिक पक्षका साथै उनीहरूको जीवनमा छात्रवृत्तिले कस्तो प्रभाव पारेको छ भन्ने कुराहरूलाई सुक्ष्म ढंगबाट हेर्ने प्रयास गरिएको छ । समग्रमा छात्रवृत्तिको प्रभाव सकारात्मक देखिन्छ । पहिला पहिला अभिभावकहरू आफ्ना छोराछोरीबिच भेदभाव गर्ने गरेको पाइयो भने वर्तमानमा समयमा अभिभावकहरूले आफ्ना छोराछोरीप्रतिको भेदभाव केहि हदसम्म बदलिएको भनाइबाट पनि प्रष्ट हुन्छ । अभिभावकहरू आफ्नो छोराछोरी दुवैलाई विद्यालय पढाउन चाहन्छन् र बच्चाहरूको उज्वल भविष्यको चिन्ता भएको अभिभावकहरूले छलफल र अर्न्तवार्ताको क्रममा  बताउनुभयो । बैठकमा प्राय आमाहरूको उपस्थिति बाक्लो थियो । त्यसबाट पनि प्रष्ट हुन्छ कि आमाहरू पनि छोरीहरूको शिक्षाको लागि सचेत छन् । अध्ययनअनुसार छात्राहरूको आमाबाबुको आर्थिक अवस्था, शैक्षिक अवस्था राम्रो छैन । छात्राहरूको आर्थिक अवस्था कमजोर भएको कारण छात्राहरूले रेष्टको छात्रवृत्ति पाएका हुन् । तिन जनाको बाहेक उनीहरूको दाजुभाई पनि सरकारी विद्यालय पढेको पाइयो । आर्थिक अवस्था कमजोर हुदाहुदै पनि तीन जना छात्राहरूको दाजभाई निजि विद्यालय पढाएको पाइयो । विद्यालयमा छात्राहरूको भर्नादर बढाउने, कक्षा दोहोऱ्याउने दर कम गर्न, विद्यालय छाड्ने दर कम गर्न, छात्राहरूलाई सचेतना कार्यक्रमबाट सशक्तिकरण गर्न, व्यक्तित्व विकास गराउने, छात्राहरूको उज्ज्वल भविष्यका लागि बाटो देखाउने जस्ता कार्य यस कार्यक्रमले गर्दै आइरहेको पाइयो । यसैले यो कार्यक्रम छात्रा वा छोरीहरूको लागि महत्वपूर्ण छ । बालिकाहरू विभिन्न समस्याहरूसँग जुड्दै शिक्षा हाँसिल गरी आत्मनिर्भर तर्फ उन्मुख रहेको पाइयो ।

## ६.३ सुझाव

नेपाल सरकार होस् या अन्य संघसंस्था शिक्षा क्षेत्रमा सबैको सहभागिता बढाई समानता ल्याउन विभिन्न नीति एवम् कार्यक्रम कार्यन्वयनमा ल्याएता पनि आशा गरेअनुरूप सफलता प्राप्त गर्न सकेका छैनन् । छात्रवृत्ति कार्यक्रमले विद्यालयमा सबै जातजाति, भाषाभाषी, वर्ग र लिङ्गको समान पहुँच वृद्धि गर्न सफल हुँदै आएको छ । अझ यसलाई प्रभावकारी रूपमा सञ्चालन गर्नु आजको आवश्यकता बनेको छ । पिछडिएको जातजाति, वर्ग, समुदाय जो विद्यालय शिक्षाबाट बञ्चित छन् । उनीहरूलाई शिक्षाको मुल धारमा ल्याउन अभिभावक, विद्यालय व्यवस्थापन समिति, राजनीतिक कार्यकर्ता, समाजका बौद्धिक व्यक्तित्वहरू, नेपाल सरकार र दातृ संस्थाहरू एकआपसमा मिलेर अगाडि बढ्न सके लक्षित समूहको विद्यालय प्रवेश र शैक्षिक उपलब्धिलाई बढाउन सकिन्छ । अध्ययनको क्रममा नियाल्दा यस्तो कार्यक्रम प्रभावकारी देखिएपनि अझ छात्रवृत्तिको अधिकतम सदुपयोग गरी छात्राहरूलाई लाभान्वित गर्न निम्नअनुसार सुझाव प्रस्तुत गरिन्छ ।

- विद्यालय परिवार र रेष्ट संस्थाबीच राम्रो समन्वयनको खाचो देखिन्छ ।
- छात्रवृत्ति कार्यक्रमको बारेमा सम्बन्धित सबै सरोकारवालाहरूलाई पूर्ण जानकारी गराउनुपर्छ ।
- भौतिक व्यवस्थापनमा सुधार गर्नुपर्ने देखिन्छ ।
- छात्रवृत्ति छात्राहरूलाई मात्र नभई जेहेन्दार र आर्थिक अवस्था कमजोर भएका छात्रहरूको लागि पनि आवश्यक देखिन्छ ।
- शुक्रबारे कार्यक्रममा शिक्षण सामग्री बढाउनुपर्ने देखिन्छ ।
- विभिन्न सरकारी तथा राष्ट्रिय, अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाले अन्य क्षेत्रमा झै बालबालिकाहरूको शैक्षिक क्षेत्रमा केन्द्रित रही बालिकाहरूको समाजशास्त्रीय दृष्टिकोणबाट अध्ययन गरिनुपर्ने आवश्यक देखिन्छ ।

# सन्दर्भ सामग्रीहरू


अर्याल, भोजेन्द्र (२०६७), *सामाजिक परिवर्तन र विकासको अध्ययन,* काठमाडौंः एम.के पुस्तक भण्डार ।

अर्याल, मिना (२०७३), *निरक्षर महिला बालबालिका र भोलिको भविष्य,* काठमाडौंः कान्तिपुर राष्ट्रिय दैनिक पत्रिका, वर्ष ४, अंक २ ।

आचार्य, बलराम (२०६७), *लैङ्गिक र महिलावादी अध्ययन,* काठमाडौं : नेशनल बुक सेन्टर, भोटाहिटी ।

काफ्ले, रामेश्वर (२०६४), *जनसंख्या शिक्षाको आधार,* काठमाडौंः नेशनल पब्लिकेशन सेन्टर ।

के.सी., उन्नति (२०७३), *महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन महासन्धि र महिला अधिकार,* काठमाडौंः अनलाइन पत्रिका https://edevnews.com/2016/09/30/6691.

केन्द्रिय बाल कल्याण समिति (२०७३), *नेपालमा बालबालिकाको शैक्षिक स्थिति,* ललितपुर ।

गुरुङ्, मामिला (२०६४), *"छात्राहरूको शैक्षिक अवस्था लैङ्गिकताको प्रभाव"* पोखरा, अप्रकाशित शोधपत्र, स्नातकोत्तर तह दोस्रो वर्ष, समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस ।

जिल्ला शिक्षा कार्यालय (२०७३), *तनहूँ शैक्षिक दर्पण,* तनहुँ,।

नारीस्वर (२०७३) *त्रैमासिक पत्रिका,* ललितपुरः बंगलामुखी अफसेट प्रेस, वर्ष १०, अङ्क ३१ (पौष) ।

भासिन, कमला (२००३), *पितृसत्ता के हो ?* न्यू दिल्लीः काली फर वीमन ।

मगर सारु, खेम (२०६६), *जनशान्ति मा.वि. पाल्पा जिल्ला खालिवालन गा.वि.स -५ मा आधारित छात्राहरूको शिक्षामा आर्थिक अवस्थाले पारेको प्रभाव एक अध्ययन,* पोखरा, अप्रकाशित शोधपत्र, स्नातकोत्तर तह दोस्रो वर्ष, समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस ।

मोसर, क्यारोलिन एम (१९९३), *जेन्डर प्लानिङ्ग एण्ड डेपलपमेन्ट थ्योरी प्राक्टिस एण्ड ट्रेनिङ्ग,* लण्डनः राउटलिज ।

रिटजर, जर्ज (१९९१), *दि प्रोसेस अफ इम्पावरमेन्ट,* न्यूयोर्क, रिर्सच गेट पब्लिकेसन ।

रेष्ट परिवार कार्त्तिक (२०७३), काठमाण्डौः *रेष्ट बुलेटिन,* विशालनगर ।

रेष्ट परिवार वैशाख (२०७४), काठमाण्डौः *रेष्ट बुलेटिन, , विशालनगर* ।

वाल्टीवाला, श्रीफला (१९९४), *वोमन्स इम्पावरमेन्ट इन साउथ एसिया* कन्सेप्टट्स एण्ड प्राक्टिसेस, दिल्लीः एफ.ए.ओ. (एफ.एच.सी)

*विकास प्रक्रियाको लैङ्गिक आय तथा नारीको अवस्था र अवस्थिति* (२०१६), http://www.itckhabar.com/नारी-दिवसः-अब-बोलीमा-हैन-क/

नेपाल सरकार शिक्षा मन्त्रालय (२०६६- २०७२) *विद्यालय क्षेत्र सुधार योजना,* काठमाडौंः नेपाल सरकार ।

*विद्यालय छाडेर गिट्टी कुट्दै बालबालिका* (२०७४), http://newskoseli.com/archives /31669

नेपाल सरकार शिक्षा मन्त्रालय (२०७३), *शैक्षिक सूचना,* काठमाडौंः अनुगमन मूल्यांकन तथा निरीक्षण महाशाखा, सिंहदरबार ।

नेपाल सरकार शिक्षा मन्त्रालय शिक्षा विभाग (२०७३), *कार्यक्रम कार्यन्वयन पुस्तिका,* काठमाडौंः नेपाल सरकार ।

शिक्षा विभाग (२०६३), *विद्यालय शिक्षा सम्बन्धी सूचना संगालो,* सानोठिमी भक्तपुर ।

शिक्षा विभाग (२०६५), *लैङ्गिक समविकास शिक्षा,* सानोठिमी, भक्तपुर ।

शिक्षा विभाग (२०७३), *राज्यलक्ष्मी नकर्मी, पूर्व उपनिर्देक, शिक्षा विभाग,* शिक्षा मन्त्रालय, सानोठिमी, भक्तपुर ।

शर्मा एण्ड शर्मा (२०६३), *कक्षाकोठामा मनोविज्ञान,* काठमाण्डौ : एम के पब्लिशर्स एण्ड डिष्ट्रीब्यूटर्स भोटाहिटी ।

*३.४ प्रतिशत बालिकामात्रै विद्यालयबाहिर* (२०७४), अनलाइन न्यूज, https://baahrakhari.com/news-details/21968/2017/04-04

Agrawal, Bina (1992). *A Field of one's own Gender and rights in South Asia*. England: Cambridge University.

Bhattarai, Nibis (2014). "*Impact of girl's Scholarship on Women Education"* Kritipur, Unpublished Master's Thesis, Central Department of Sociology/ Anthropology, Tribhuvan University .

Bouwnan, Jolien (2014). *Learning throughtout life quality education in Nepal*, London, Faculty of geosciences master international Development studies. Master at Utrecht University.

Giddings, Franklin Henry (1918). *The responsible state*. Boston: Houghton Miffin.

Ina, Arnaoudova (2008). *Changing lives the the impacts of RHEST's scholarship program on girls in Nepali rural communities, international development studies.* London: Unpublished Master's Thesis, Utrecht University.

Sen, Amartya (1981). *Poverty and Faminies,* New Delhi: Oxford University Press.

Sigdel, Dilli Ram (2004). *A stuy on foreign Assitance in the educational development of Nepal*. Kritipur, unpublished Degree Dissertation, Department of education, Tribhuwan University.

# परिशिष्ट १
## उत्तरदाताको लागि अर्न्तवार्ता अनुसूची

१. छात्राको नाम: ..............................................................

कक्षा:

विद्यालय: ........................................................................

वडा नं. .............................. नगरपालिका ................................

अर्न्तवार्ता समय: .................. विद्यालय सुरु गर्दाको उमेर..................

रेष्टको सहयोग पाएको कक्षा र साल ................

२. रेष्टको पुरा रूप के हो ?

..................................................................................................

४. तपाईले छात्रावृत्ति कुन संस्थाले कसको सहयोगमा पाउनुभएको हो ?

....................................................................................

५. ग्रामिण स्वास्थ्य तथा शिक्षा सेवा गुठी कार्यक्रम पहिलो पटक को मार्फत सुन्नुभयो ?

क) रेष्ट शिक्षिका ख) अभिभावक ग) साथीहरू घ) अन्य

६. छात्रवृत्तिको निवेदन भर्न कसले सहयोग गर्नुभयो ?

क) आफै ख) अभिभावक ग) रेष्ट शिक्षिका घ) अन्य

७. तिम्रो घरमा अरू दिदिबहिनीले पनि निवेदन गर्नुभएको छ कि छैन

क) छ ख) छैन

यदि छैन भने किन ?

..................................................................................................

८. तपाईको अभिभावकको पेशा के हो ?

.................................................................................................

९. तपाईको घरपरिवारमा को को हुनुहुन्छ ?

................................................................................................

१०. तपाईको समुदायमा विद्यालय जाने उमेरका बालिकाहरू विद्यालय नगएको देख्नुभएको छ ?

क) छ ख) छैन

११. तपाईको विचारमा विद्यालय जानुको महत्व किन छ ?

..........................................................................................................

१२. कतिसम्म पढ्न चाहनु हुन्छ ?

..........................................................................................................

१३. विद्यालय सकिएपछि के गर्न चाहनुहुन्छ ?

..........................................................................................................

१४. विद्यालयपछि घरको काम गर्नुहुन्छ ?

क) गर्छु ख) गर्दिन

१५. तपाईले रेष्टबाट छात्रवृत्ति नपाएको भए के गर्नुहुन्थ्यो ?

क) विद्यालय आउथिन ख) पढ्न गाह्रो हुन्थ्यो

१६. तपाईले कुनै कक्षा दोहोऱ्याउनु भएको छ ?

क) छ ख) छैन

१७. तपाईको शिक्षाप्रति परिवारको धारणा के कस्तो छ ?

क) राम्रो छ ख) राम्रो छैन ग) ठिकै छ

१८. तपाईको दाजुभाई छ ? छ भने सरकारी विद्यालय पढ्छ कि निजि विद्यालय पढ्छ ?

क) निजि ख) सरकारी ग) अन्य

१९ . तपाईको बस्ने घर कस्तो छ ? घरको किसिम लेख ।

क) पक्की ढलान ख) कच्ची टिनको ग) अन्य भए .......

२०. तपाईले छात्रवृत्तिमा शैक्षिक सामाग्री बाहेक के के पाउनुहुन्छ ?

............................................................

२१. तपाई रेष्टको छात्रवृत्तिबाट सन्तुष्ट हुनुहुन्छ वा थप भए हुन्थ्यो जस्तो लाग्छ ?

क) छ ख) छैन ग) छ भने.......................

२३. रेष्टले छात्रवृत्ति उपलब्धता बाहेक अरू के के कार्यक्रम रहेको छ ?

२४. तपाई विद्यालय सधै आउनुहुन्छ ?

क ) आउछु ख) आउदिन ग) नआउनको कारण ......

२५. तपाई पढ्नमा कसको सहयोग लिनुहुन्छ ?

क) रेष्ट शिक्षिका ख) बाबाआमा

ग) विद्यालय शिक्षक घ) दाजुभाई ङ) दिदीबहिनी

# परिशिष्ट २

## समुह केन्द्रित छलफल सूची

**अभिभावक, विद्यालय व्यवस्था समिति, शिक्षकहरू तथा प्रधानाध्यापकका लागि प्रश्नावली**

१. नामः ........................................ २. ठेगानाः ..............................

३. जात : ........................................ ४. पेशाः ..................................

५. धर्मः...........................................

१. रेष्ट छात्रवृत्ति पाएको छात्राहरूमा छात्रवृत्ति पाएपछि के-कस्ता परिवर्तनहरू पाउनुभयो ?

..................................................................................................................

२. रेष्टले छात्रवृत्ति प्राप्त छात्राहरूलाई के-के सुविधाहरू दिएको छ ?

..................................................................................................................

३. छात्रवृत्तिले छात्राहरूका शिक्षामा सहयोग गरेको छ ? छ/छैन र कसरी ?

..................................................................................................................

४. तपाई विचारमा छात्रवृत्तिको राम्रो पक्ष र नराम्रो पक्ष के-के होलान् ?

..................................................................................................................

५. रेष्टको छात्रवृत्तिबारे तपाईको धारणा के छ ?

..................................................................................................................

६. रेष्टले छात्राहरूलाई मात्र किन छात्रवृत्ति वितरण गरेको हो ?

..................................................................................................................

७. रेष्टले शिक्षामा बाहेक अन्य कुरामा पनि सहयोग गर्छ ?

..................................................................................................................

८. रेष्टको छात्रवृत्तिको बारेमा केही सल्लाह सुझाव दिनु छ ?

..................................................................................................................

**सहयोगको लागि धन्यवाद**

# परिशिष्ट ३

## अध्ययनको क्षेत्रको नक्सा

